छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily

वर्ष २५ •अंक १५२ •२०८० साल कार्त्तिक २ गते बिहिबार (19 October, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# डाक्नेश्वरीका मेयर जन घेराउमा, स्थिति तनावपूर्ण

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लाको डाक्नेस्वरी नगरपालिकाका प्रमुख रामलखन मलाह जनघेराउमा परेका छन् । नगरपालिकाका वडा नम्बर ६ का बासिन्दाहरुले बुधबार दिउँसोदेखि कार्यालयमा नै घेराबन्दी गरेका छन् ।

मेयर मलाहको सुरक्षार्थ भारी संख्यामा सशस्त्र र नेपाल प्रहरी तैनाथ रहेका छन् । तर राति साढे ८ बजेसम्म मेयरलाई कार्यालय बाहिर निस्कन दिएको छैन् ।

वडा नम्बर ६ को पोखरी सम्बन्धी विवादमा मुछिएका मेयरलाई वडाबासीहरुले घेराउ गरेको हो । वडामा रहेको पोखरीको विषयमा मेयर मलाहले गरेको निर्णयप्रति स्थानीय बासिन्दा आक्रोशित बनेका छन् ।

पोखरी ठेक्कासम्बन्धी बिवादमा दिउँसो नगरपालिका अगाडि भेला भएका वडाबासीहरुले पालिका घेराउ गरेका हुन् । उनीहरुले टायर बालेर विरोध सुरु गरेपछि अवस्था तनावपूर्ण बनेको हो । सशस्त्र प्रहरीका डीएसपी र नेपाल प्रहरीका प्रहरी निरीक्षकको कमान्डमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएकोले अप्रिय घटना हुन नसके पनि मेयरलाई मुक्त गराउन सकिएको छैन् ।

सप्तरीका प्रहरी प्रमुख एसपी गर्जुसिद्धी बज्राचार्यले मेयर मलाह आफ्नै कार्यकक्षमा असन्तुष्ट पक्षसित वार्ता गरिरहेको बताएका छन् । 'मेयर साहेब असन्तुष्ट पक्षसित वार्तामा हुनुहुन्छ' उनले भने, संवादबाट नै समाधान निस्कने छ ।

> अध्यक्ष देवका अनुसार यादवद्वयले नियोजित रुपमा कुटपिट गरेको साहले जनाएका छन् । तर एसपी बज्राचार्यले हुलमुलमा साहलाई चोटपटक लागेको बताएका छन् । उनीमाथि ताकेर आक्रमण नभएको उनले बताए ।

नगरपालिका घेराउमा रहेकाहरुमध्ये जनमत पार्टीका कार्यकर्ताहरुले समाचार संकलनमा रहेका एकजना पत्रकारलाई कुटपिट गरेको नेपाल पत्रकार महासंघ सप्तरीले जनाएको छ ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले जनाए अनुसार जिल्ला समितिका सदस्य रहेका सञ्जीव बिक्रम साहलाई जनमत पार्टीका अमरेन्द्र यादव र अनिल यादवले कुटपिट गरेको जनाएका छन् ।

अध्यक्ष देवका अनुसार यादवद्वयले नियोजित रुपमा कुटपिट गरेको साहले जनाएका छन् । तर एसपी बज्राचार्यले हुलमुलमा साहलाई चोटपटक लागेको बताएका छन् । उनीमाथि ताकेर आक्रमण नभएको उनले बताए ।

पत्रकारलाई हातपात भएपछि अध्यक्ष देवसहितका पदाधिकारी र पत्रकारहरु घटनास्थलमा पुगेका छन् ।
















# गाडी सुविधा पाउने कर्मचारीलाई तेल भत्ता

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले महँगी, पोसाक र चाडपर्व भत्ताकै शैलीमा पेट्रोल तथा डिजेल उपयोगका लागि पनि कर्मचारीहरूलाई नगद भत्ता दिने भएको छ । सरकारी सवारी साधनको सुविधा प्राप्त गर्ने कर्मचारीहरूका लागि उनीहरूले प्रयोग गर्ने इन्धनबापतको रकम भत्ता दिन लागिएको हो। यसका लागि अर्थ मन्त्रालयले 'इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०' जारी गरेको छ ।

राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) का कर्मचारीलाई मासिक १२५ लिटर तथा प्रथम श्रेणी (सह-सचिव) का कर्मचारीलाई मासिक १०० लिटर इन्धन बराबरको रकम भत्ता दिइने निर्देशिकाको तेस्रो बुँदामा उल्लेख छ। उनीहरूले प्रत्येक तीन महिनामा पाँच लिटर मोबिल बराबरको रकम पनि पाउने छन् ।



यसअघि सम्बन्धित कार्यालयले नै उपलब्ध गराएको कुपनका आधारमा इन्धन प्रयोग गरिँदै आएको थियो। पेट्रोल पम्पले उक्त कुपन देखाएर सरकारबाट एकमुष्ट रकम भर्पाइ लिन्थे । नयाँ निर्देशिका कार्यान्वयनमा आएसँगै कुपन प्रथा हटेको छ। अब तलब र अन्य भत्तासँगै इन्धन भत्ता पनि सोझै कर्मचारीहरूको खातामा जम्मा गरिनेछ। यस्तो रकम लिन बिलबिजक पेस गर्नुपर्ने छैन । यो सुविधा पाउने सचिव र सह-सचिव स्तरका कर्मचारीले तोकिएको परिमाणभन्दा बढी इन्धन प्रयोग गर्नुपरे आफ्नै खर्चबाट गर्नुपर्नेछ। त्यसका लागि सरकारले अतिरिक्त रकम उपलब्ध गराउने छैन ।

सरकारी कामका लागि काठमाडौं बाहिर जानुपरेको अवस्थामा भने अतिरिक्त इन्धन सुविधा दिने व्यवस्था निर्देशिकाले गरेको छ। निर्देशिकामा भ्रमण आदेश स्वीकृत भएको कार्यक्रमका लागि अतिरिक्त इन्धन सुविधा उपलब्ध गराउने भनिएको छ ।

इन्धनका नाममा मनपरी खर्च भएको भन्दै त्यसलाई नियन्त्रण गर्न नगद भत्ता उपलब्ध गराउने घोषणा बजेटले गरेको थियो। तर साबिकमा कार्यसञ्चालन निर्देशिका २०७७ अनुसार सचिवलाई १०० लिटर र सह-सचिवलाई महिनाको ७० लिटरको सीमाभित्र रहेर इन्धन सुविधा दिइँदै आएको थियो। नयाँ निर्देशिकाले यो सीमा बढाएको छ। यस आधारमा इन्धनबापतको खर्च अझ बढ्ने देखिन्छ ।

सकारकी कर्मचारीहरू भने यो व्यवस्थाले इन्धन खर्च आधा कटौती हुने दाबी गर्छन्। 'कोटा बढाइएकाले लागत बढ्ला भन्ने सामान्य अनुमान गरिनु स्वाभाविक हो,' भर्खरै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरूवा भएका एक सह-सचिवले भने, 'व्यवहारमा हेर्ने हो भने विगतमा इन्धन खपतका नाममा अत्यधिक विकृति थियो। तोकिएको सीमा विरलै कार्यान्वयन हुन्थ्यो। ५० लिटरको कुपनमा २५ लिटर तेल हाल्ने र २५ लिटर नगद लिने गरिन्थ्यो। यसले सीमाभन्दा बढी तेल खपत भएर आर्थिक भार बढी हुन्थ्यो ।'

यही विकृतिका कारण हरेक वर्ष इन्धनका लागि छुट्ट्याइएको रकम नपुगेर अन्य शीर्षकको बजेटबाट रकमान्तरण गर्नुपर्ने अवस्था आउने उनले बताए। अर्थ मन्त्रालयका प्रवक्ता धनराम शर्माले पनि इन्धन खर्चबापत सोझै नगद भत्ता दिने व्यवस्थाले बिल र कुपनको झन्झट हट्नुका साथै सरकारको लागत कम हुने दाबी गरे ।

'यसले इन्धन खर्चबापतको रकम भुक्तानी सरल हुनेछ,' उनले भने, 'दुरूपयोग हुन पाउँदैन।' अर्थ मन्त्रालयले जारी गरेको नयाँ निर्देशिकाअनुसार यो सुविधा विद्युतीय गाडी भएका कर्मचारीका हकमा पनि लागू हुनेछ । निर्देशिकाको नवौं बुँदामा 'कुनै कर्मचारीलाई विद्युतीय साधन उपलब्ध गराएको अवस्थामा ५० प्रतिशत इन्धन बराबरको रकम दिइने' उल्लेख छ। यहाँ इन्धन भन्नाले पेट्रोल वा डिजेल सम्झिनुपर्ने भनेर निर्देशिकाले नै भनेको छ। यसअघि विद्युतीय गाडीका सम्बन्धमा निर्देशिकाले केही बोलेको थिएन ।

# सेना र सशस्त्रका कर्मचारीलाई यातायात सुविधा

काठमाण्डु । नेपाली सेना र सशस्त्र प्रहरी बलले दसैंका बेला घर जाने आफ्ना सुरक्षाकर्मीका लागि यातायात सेवा उपलब्ध गराएको छ । आ-आफ्ना कर्मचारीलाई आवतजावतमा सहजताका लागि सेवा उपलब्ध गराइएको नेपाली सेना र सशस्त्र प्रहरीले जानकारी दिएको छ ।



नेपाली सेनाले सहुलियतमा हवाई तथा स्थल यातायात सेवा उपलब्ध गराएको जनाएको छ भने सशस्त्र प्रहरीले निःशुल्क यातायात सेवा उपलब्ध गराएको जानकारी गराएको छ । नेपाली सेनाको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार यस वर्षको बडादसैँमा घर जाने नेपाली सेनाका बहालवाला सकलदर्जा तथा तिनका आश्रित परिवारलाई सहुलियतको यातायात सुविधा उपलब्ध गराएको जानकारी दिएको छ ।

निर्देशनालयका अनुसार सडक सञ्जालको पहुँच पुगेका स्थानमा सवारीसाधन (बस) मार्फत चार सय २१ जनाले हालसम्म सेवा पाएका छन् । यस्तै सडक सञ्जालको सहज पहुँच नपुगेका तथा दुर्गम पहाडी-हिमाली क्षेत्रलगायत लामो दूरीका गन्तव्यमा हवाई उडानमार्फत छ सय पाँच जना गरी हालसम्म एक हजार २६ जना सकलदर्जा एवं आश्रित परिवारले सेवा पाएका जानकारी दिइएको छ । उक्त सुविधा सेनाले यही कात्तिक २ गतेसम्म उपलब्ध गराउने छ ।

सशस्त्रप्रहरीलेभनेनिःशुल्करूपमा सुरु गरेको सेवा आगामी कात्तिक २ गतेसम्म सञ्चालन हुने जनाएको छ । सशस्त्र प्रहरीका प्रवक्ता वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काका अनुसार सशस्त्र प्रहरी बल नेपालले बडादसैं, तिहार र छठको अवसरमा बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी र उनीहरूका परिवारजनलाई लक्षित गरी निःशुल्क दुई बस सञ्चालन गरेको छ । चाडपर्वका बेला घरबिदा जाने सशस्त्र प्रहरी बलको प्रधान कार्यालयबाट छुट्ने एउटा बसले काठमाडौं, नारायणगढ, बुटवल, भालुवाङ हुँदै कञ्चनपुरको गड्डाचौकीसम्म सेवा प्रदान गर्ने छ भने अर्को बसले नारायणगढ, बर्दिबास, सप्तरी, पकली हुँदै झापाको काँकडभिट्टासम्म सेवा प्रदान गर्ने सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक खड्काले बताउनुभयो । यसअघि सशस्त्र प्रहरीले बडादसैंका अवसरमा सर्वसाधारणकोसुविधालाईध्यानमा राखी काठमाडौं उपत्यकाभित्र निःशुल्क बस सेवा सञ्चालन गरेको थियो । रासस

# नेपाल एयरलाइन्सद्वारा ५३ करोड ९ लाख ऋण भुक्तानी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अन्तर्राष्ट्रिय उडानको लागि खरिद गरेका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको ऋण भुक्तानी गरेको छ । एयरलाइन्सले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्व मध्ये दुई न्यारोबडी जहाजको आश्विन महिनाको किस्ताबापत पुरा र दुई वाइडबडी जहाजको आंशिक गरी मंगलबार जम्मा त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रुपैयाँ रकम भुक्तानी गरेको हो । यस अघि निगमले २०७९ आषाढ देखि २०८० आषाढ सम्मको अवधिमा ३ अर्ब ७७ करोड ३८ लाख २१ हजार १२५ रुपैयाँ किस्ता रकम भुक्तानी गरेको थियो ।




निगमको व्यवस्थापन वर्तमान नेतृत्वले सम्हालेपश्चात् व्यापार विस्तार तथा आम्दानी विगत वर्षमा भन्दा सुधार हुँदै गएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नगद प्रवाहमा सुधार भए पश्चात् प्रमुख इन्जिन मर्मत खर्च, नियमित तथा आकस्मिक रूपमा हुने जहाज मर्मत सम्भार खर्च समेत व्यहोरी विभिन्न निकायहरूमा रहेका पुराना बक्यौता रकम समेत आफ्नै स्रोतबाट भुक्तानी गरी नियमित गरिएको निगमको भनाइ छ ।

यसका अतिरिक्त तत्कालीन आवश्यकतालाई मध्यनजर गर्दै दुर्गम क्षेत्रमा उडान भर्ने ३ वटा साना जहाज आफ्नै आन्तरिक स्रोतबाट नियमानुसार प्रक्रिया पूरा गरी निर्माता कम्पनीसँग खरिद गर्ने कार्य योजना समेत अन्तिम चरणमा पुगेको प्रवक्ता रमेश पौडेलले जानकारी दिए । निगमले नयाँ ३ वटा जहाज खरिद गरेपश्चात् नेपालका दुर्गम क्षेत्रमा अझै धेरै यात्रुहरूलाई सेवा दिन सकिने, पर्यटन प्रवर्द्धन हुने, भाडा दरमा सन्तुलन कायम हुने र निगमको सेवा प्रभावकारी हुने विश्वास रहेको उनको भनाइ छ ।

# 'प्रवासमा नेपाली पत्रकारिता र सञ्चार क्षेत्रका अपेक्षा'

काठमाण्डु । नेपाल-अमेरिका पत्रकार सङ्घ (नेजा) ले आयोजना गरेको 'प्रवासमा नेपाली पत्रकारिता र नेपाली सञ्चार क्षेत्रका अपेक्षा' विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

समापन कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सङ्ख्यात्मक भन्दा गुणत्मक पत्रकारिता गर्न आग्रह गनुभयो । "थोरै समाचार प्रकाशन गर्नुस् र मौलिक पत्रकारितालाई विशेष ध्यान दिनुहोस्", उहाँले भन्नुभयो, "समाचार कति धेरै प्रकाशित गरे भन्नु भन्दा पनि कति महत्वपूर्ण प्रकाशित गरे भन्ने बारे सोच्नुहोला ।"

पत्रकार भागिरथ योगीले प्रवासमा रहेका पत्रकारहरुको 'एक पत्रकार एक अनलाइन' रहेको भन्दै अधिकांशले समाचार हुबहु (कपी पेष्ट) गर्ने गरेका बताउनुभयो । "विदेशमा रहेर कलम चलाउनेहरुको आफ्नै अनलाइन हुन्छ", उहाँले भन्नुभयो, "समाचार पनि 'कपी पेस्ट' गर्ने बाहेक अरु केही छैन । यसलाई व्यवस्थित गरी व्यावसायिक रुपमा अगाडि बढ्नुपर्छ ।" पत्रकार शरदचन्द्र वस्तीले भविष्यको पत्रकारिताबारे सोच्न जरुरी रहेको बताउनुभयो । अहिलेको भन्दा अबको १० वर्षपछि कस्तो पत्रकारिता गर्ने भन्नेबारे सबैले सोच्न आवश्यक रहेको भन्दै उहाँले प्रविधिको विकाससँगै पत्रकारिताको संरचना पनि परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो ।

पत्रकार शिव गाउँलेले परदेशमा रहेर पत्रकारिताको माध्यमबाट नेपाललाई चिनाउन आग्रह गर्नुभयो ।

"विदेशमा सञ्चालित सञ्चार माध्यमले नेपाली समाजका वास्तविकता समाचारमार्फत सम्प्रेषण गर्नुपर्छ", उहाँले भन्नुभयो, विदेशी भूमिमा समस्या परेकालाई सञ्चारका माध्यमबाट सहयोग गर्नुपर्छ ।"रासस

# शुभकामना आदान प्रदान

**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेस नगर कार्य समिति गौर नगरपालिकाको आयोजनामा बडा दशैं २०८० को उपलक्ष्यमा शुभ कामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा नेपाल मुस्लिम संघ मधेश प्रदेशका कोषाध्यक्ष डाक्टर सरफराज तैयबले आदिशक्तिको पूजा अर्चना गरिने दशैं पर्व शान्तिपूर्वक मनाउन आग्रह गरे ।

नेपालमा बसोबास गर्ने सबै नेपाली आमाको सन्तान नै भएकोले सद्भाव भाइचारा कायम गर्दै पर्व मनाउनु पर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा नेपाली कांग्रेसका निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सचिव संजय यादवले असत्यमाथि सत्यको विजयीको प्रतीकको रुपमा मनाइने दशहरा एकअर्कासंग मिलेर शन्तिपूर्वक रुपमा मनाउनुपर्ने बताए ।

नगर अध्यक्ष मोहन कुमार यादवले नेपाली कांग्रेस पार्टी मुलुकमा आएको संकटको बेला देश र नेपाली जनतालाइ जोगाउने भूमिका खेलेको बताए ।

गौर नगरपालिकाको विकासका लागि सहकार्य गर्न नेपाली कांग्रेस सधैं तयार रहेको र अन्यायको विरुद्धपनि आवाज उठाउन पछि नहटने बताए ।

कार्यक्रममा नेपाली कांग्रेस निर्वाचन क्षेत्र नम्बर १ क को प्रदेश सभा सभापति अवध किशोर साह, जिल्ला सदस्य गुलरेज अहमद, समाजसेवी लोकेन्द्र कुमार यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेश सदस्य शैलेन्द्र झा, पूर्व जिल्ला सभापति रविन्द्र प्रसाद साह लगायतले दशै पर्वको शुभकामना व्यक्त गरेका थिए ।

# १० प्रतिशत बिन्दुले ब्रोकर कमिसन घटाउने प्रस्ताव, सेबोनले पाउने रकम पनि घटाउँदै

**टुडे समाचारदाता**

काठामण्डु । नेपाल धितोपत्र बोर्डको सञ्चालक समितिले ब्रोकर कमिसन घटाउने निर्णय गरेको छ। बुधबार बिहान बोर्डमा बसेको बैठकले ब्रोकर कमिसन १० प्रतिशत बिन्दुले घटाउने निर्णय गरेको हो । बोर्डको यो निर्णय अर्थ मन्त्रालयको स्वीकृतिपछि कार्यान्वयनमा आउनेछ। धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठको संयोजकत्वमा बनेको अध्ययन समितिले ब्रोकर कमिसन १० प्रतिशत बिन्दुले घटाउने प्रस्ताव गरेको थियो ।

हाल सेयर कारोबारमा रहेको अधिकतम ०.४० प्रतिशतको माथिल्लो सीमालाई घटाएर ०.३६ प्रतिशत कायम गर्ने र ०.२७ प्रतिशत रहेको तल्लो सीमालाई घटाएर ०.२४३ प्रतिशत कायम गर्ने गरी निर्णय भएको बोर्ड स्रोतले जानकारी दिएको छ । यसअघि बोर्डले ०७७ पुस १० गते ब्रोकर कमिसन घटाएर माथिल्लो सीमा ०.४० प्रतिशत र तल्लो सीमा ०.२७ प्रतिशत कायम गरेको थियो ।

हाल ५० हजारसम्मको कारोबारमा लगानीकर्ताले ०.४० प्रतिशत, ५० हजारदेखि ५ लाखसम्मको कारोबारमा ०.३७ प्रतिशत, ५ लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३४ प्रतिशत कमिसन शुल्क छ । त्यस्तै, २० लाखदेखि एक करोड रूपैयाँसम्ममा ०.३० प्रतिशत र एक करोडमाथि ०.२७ प्रतिशतसम्म कमिसन लाग्ने गरेको छ। अब ५० हजारसम्मको कारोबारमा लगानीकर्ताले ०.३६ प्रतिशत, ५० हजारदेखि ५ लाखसम्मको कारोबारमा ०.३३ प्रतिशत, ५ लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३०६ प्रतिशत कमिसन शुल्क लाग्नेछ ।

त्यस्तै, २० लाखदेखि एक करोड रूपैयाँसम्ममा ०.२७ प्रतिशत र एक करोडमाथि ०.२४३ प्रतिशतसम्म कमिसन लाग्ने भएको छ। बोर्डले आफूले पाउने शुल्क समेत १० प्रतिशत बिन्दुले घटाएको स्रोतको भनाइ छ। हाल बोर्डले ब्रोकरले दिएको सेवा शुल्कमा ०.६ प्रतिशत नियमन शुल्क बापत ब्रोकर कम्पनीबाट प्राप्त गर्दै आएको छ। अब भने ब्रोकरले ०.५४ प्रतिशत यस्तो शुल्क बुझाउनु पर्नेछ । लगानीकर्ताले गर्ने कारोबारबापत आफूले प्राप्त गर्ने कमिसन समेत घटाएको बोर्डको भनाइ छ। यस्तो शुल्क समेत ७ प्रतिशत बिन्दुले घटाएको छ। हाल लगानीकर्ताले गर्ने कारोबार रकमको ०.०१५ प्रतिशत कमिसन बोर्डले प्राप्त गर्दै आएको छ। अब भने बोर्डले ०.०१४ प्रतिशत कमिसन प्राप्त गर्नेछ। हाल, मानौं कुनै लगानीकर्ताले ४५ हजार दुई सय रूपैयाँ बराबरको सेयर खरिद गरेको छ। उसले अब ब्रोकर कमिसनबापत १८० रूपैयाँ ८ पैसा समेत तिर्नुपर्छ। यो १८० रूपैयाँ ८ पैसामध्ये यसको २० प्रतिशत अर्थात् ३६ रूपैयाँ १६ पैसा नेप्सेले कमिसनबापत पाउँछ । त्यसैको ०.६ प्रतिशत बराबर नियमन शुल्क बापत धितोपत्र बोर्डले एक रूपैयाँ १० पैसा पाउँछ। यसरी एक सय ८० रूपैयाँ ८ पैसामा बाँकी एक सय ४३ रूपैयाँ ५५ पैसा भने ब्रोकरले पाउँछ। र, कमिसन बापत धितोपत्र बोर्डले कुल कारोबर रकम ४५ हजार दुई सय रूपैयाँको ०.०१५ बापत थप ६ रूपैयाँ ८० पैसा पाउँछ । धितोपत्र बोर्डले ब्रोकर कमिसन घटाउने प्रस्ताव गरेपछि सेयर बजारमा समेत हरियाली छाएको छ। नेप्से परिसूचक एकैदिन ४३.२७ अंकले बढेर १९०७.८९ बिन्दुमा पुगेको छ। ब्रोकर कमिसनमा संशोधन हुन लागेको खबरसँगै बढ्न थालेको नेप्से धितोपत्र बोर्ड स्रोतबाटै यसको पुष्टि हुन थालेपछि थप वृद्धि भएको हो ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक ४३ दशमलव २७ अङ्कले बढेर एक हजार नौ सय सात दशमलव ८९ को बिन्दूमा कायम भएको हो । बुधबार दुई सय ८६ कम्पनीको ३७ लाख ७२ हजार २३ कित्ता शेयर ३१ हजार सात सय ८८ पटक खरिदबिक्री हुँदा कारोबार रकम भने रू ९३ करोड ४८ लाख ९४ हजार दुई सय १८ मा खुम्चिएको छ । आज दुई सय दस कम्पनीको शेयर मूल्य बढ्दा १० कम्पनीको मात्रै घटेको छ ।

सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक दुई दशमलव ८७ र विकास बैंक समूहको उपसूचक दुई दशमलव ७४ प्रतिशतले बढेको छ । आजको कारोबारमा आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ६२ प्रतिशतले घटेको छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको राजदेवी मन्दिरमा भक्तजन पूजा अर्चना गर्दै तस्वीर : संजय कुमार यादव/टुडे

# हुलाकी राजमार्गको पुल अधुरै

राजविराज।हुलाकीराजमार्गअन्तर्गत राजविराज-कन्चनपुर जोड्ने सप्तरीको अग्निसाइरकृष्ण सवरण गाउँपालिका-४ बनौलीस्थित कालिया खोलाको पुल अधुरै छ। निर्माणको जिम्मा लिएका ठेकेदार सम्पर्कविहीन भएपछि पुल कहिले बन्ने टुङ्गो छैन।

'लामा बागमती निर्माण सेवा'ले २०७१ सालमा पुल निर्माण सुरु गरेको हो। सदरमुकाम राजविराज जोड्ने सो पुल निर्माण समयमा सम्पन्न नभएका कारण आवतजावत जोखिमपूर्ण बनेको छ । निर्माण सेवाले हालसम्म रु दुई करोड १३ लाख भुक्तानी पाइसकेको छ।

पुल निर्माण सम्पन्न गर्न बाँकी रहेको काम ठेकेदारले अलपत्र छाड्दा आवतजावत गर्न सर्वसाधारणलाई समस्या भएको छ । निर्माण कम्पनीको ढिलाइ र आयोजना कार्यान्वयन एकाइको बेवास्ताले गर्दा उक्त पुलको समयमै निर्माण सम्पन्न हुन नसकेको हो । उक्त पुलको हालसम्म ८१ दशमलव २३ प्रतिशत काम सम्पन्न भएको छ। यहाँ समयमा पुल निर्माण सम्पन्न

> "लामा बागमती निर्माण सेवा"ले २०७१ सालमा पुल निर्माण सुरु गरेको हो । सदरमुकाम राजविराज जोड्ने सो पुल निर्माण समयमा सम्पन्न नभएका कारण आवतजावत जोखिमपूर्ण बनेको छ । निर्माण सेवाले हालसम्म रु दुई करोड १३ लाख भुक्तानी पाइसकेको छ ।

नभएका कारण वर्षाको समयमा खोलामा अत्यधिक बाढी आउने गरेकाले आवतजावतमा अवरोध हुने गरेको तिरहुत गाउँपालिका-२ का विजय यादवले बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, "समान्य वर्षा भएपछि कालिया खोलाबाट चार पाङ्ग्रे र दुई पाङ्ग्रे गाडी पूर्णरुपमा बन्द हुने गरेको छ।"

राजविराजबाट जिल्लाको पूर्व जोड्ने तिरहुत गाउँपालिका, कन्चरुप नगरपालिका, सप्तकोशी नगरपालिका र उदयपुर जिल्लासम्मका छोटो दूरी प्रयोग गर्ने उक्त बाटोमा पुल निर्माण अवरोधका कारण समस्या भएको छ । पुल निर्माणमा ढिलाइ गरेपछि हुलाकी सडक निर्माणको जिम्मा लिएको बज्रगुरु निर्माण सेवाले ठेक्का लिएको करिब दुई किलोमिटर सडक कालोपत्रको काम पनि हुन सकेको छैन। रासस

# असोजमा मात्रै ४ अर्बको विद्युत् निर्यात, जेठयता १२ अर्ब

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले एक महिना (असोज)मा ४ अर्ब २ करोड रुपैयाँ बराबरको विद्युत् निर्यात गरेको छ। गत जेठयता भने कुल १२ अर्ब रुपैयाँको विद्युत् निर्यात भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । जेठदेखि असोजसम्म ११ अर्ब ८० करोड २८ लाख रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत २८ जेठबाट भारतीय बजारमा बिक्री सुरु गरेको थियो। प्राधिकरणले चालू आर्थिक वर्ष २०८०/८१ को साउन, भदौ र असोज ३ महिनामा ९ अर्ब ६४ करोड ५४ लाख रुपैयाँको विद्युत् भारतर्फ निर्यात गरेको छ। असोज महिनामा मात्र ४ अर्ब २ करोड ३५ लाख रुपैयाँको विद्युत् निर्यात गरिएको छ।

तीन महिनामा भारततर्फ निर्यात गरिएको विद्युतको औसत दर प्रतियुनिट १० रुपैयाँ २७ पैसा रहेको छ । गत जेठ महिनाका पाँच दिनमा ४० करोड ५ लाख र असारमा १ अर्ब ७५ करोड ७० लाख रुपैयाँको विद्युत् भारतर्फ निर्यात भएको थियो। जेठ र असारमा भारतर्फत निर्यात गरिएको विद्युतको औसत दर प्रतियुनिट ९ रुपैयाँ ६७ पैसा थियो । साउनमा २ अर्ब १४ करोड ३३ लाख, भदौमा ३ अर्ब ४७ करोड ८५ लाख र असोजमा ४ अर्ब २ करोड ३५ लाख रुपैयाँको विद्युत् भारतीय बजारमा निर्यात भएको छ। तीन महिनामा ९ अर्ब ६४ करोड ५४ लाख रुपैयाँको विद्युत् निर्यात भएको हो।

साउन, भदौ र असोजमा भारतर्फ निर्यात गरिएको विद्युतको औसत बिक्री दर प्रति युनिट क्रमशः ८ रुपैयाँ ४३ पैसा, ११ रुपैयाँ ९७ पैसा र १० रुपैयाँ २० पैसा रहेको छ। तीन महिनाको विद्युत् समग्र औसत बिक्री दर प्रति युनिट १० रुपैयाँ २७ पैसा छ। विद्युत् निर्यातबाट नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न र देशको विदेशी मुद्रा सञ्चितीमा योगदान पुगेको छ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केहीअघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम लि-एनभीभीएनलाई बिक्री गरिरहेको छ। एनभीएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै ५२२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ । नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभीभीएनलाई ११० मेगावाट गरी ६३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ। यसमध्ये ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारणलाइनबाट ५६२ मेगावाट र महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारणलाइनबाट ७० मेगावाट विद्युत् निर्यात भइरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्ले अहिलेको अवस्थालाई हेर्दा यस वर्ष करिब १६ अर्ब रुपैयाँको विद्युत् निर्यात हुन सक्ने देखिएको बताए । 'करिब १ सय मेगावाट थप विद्युत् निर्यात स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणसँग प्रस्ताव गरेका थियौं, तर अहिलेसम्म स्वीकृति नपाएपछि केही दिन अघि पुनः प्रस्ताव पठाएका छौं,' घिसिङ्ले भने, 'चाडपर्व सुरु भइसकेको छ, यसअवधिमा कलकारखाना बन्द हुँदा र काठमाडौंमा चिसो सुरु भइनसकेको र तराईमा गर्मी पनि सकिएकाले आन्तरिक रुपमा विद्युतको माग घट्छ, भारतबाट थप विद्युत् निर्यात स्वीकृति नपाउने हो भने विद्युत गृहहरु बन्द गर्नु पर्ने अवस्था आउन सक्ने छ, यस्तो अवस्थामा छिट्टै थप विद्युत् निर्यातका लागि स्वीकृति पाउनेमा विश्वस्त छौं।'

# चोक-चोकमा चटपटे

सिन्धुली । स्वादिलो चटपटेले जमुना तामाङको भोक मात्रै मेटाउँदैन । खान नपाउँदा तलतलै लाग्छ । "दिनमा एक पटक नखाई चित्तै बुझ्दैन, तलतल लागिरहन्छ," उहाँले भन्नुभयो । तामाङ हिजो मङ्गलबार सिन्धुलीको कमलामाई नगरपालिका-५ मधुटार र वडा नं ६ को गैरीबजारलाई जोड्ने पुल छेवैमा रहेको समिरा सुब्बा टिकटिक भाइरल चटपटे पसलमा भेटिनुभएको थियो।

जिल्लाको सदरमुकाम सिन्धुलीमाडी क्षेत्रका चोक-चोकमा व्यवसायी ठेलागाडामा चटपटेका सामान राखेर बिक्रीका गर्न बस्छन् । साथीहरुसँग भेटघाट हुँदा होस् वा दिउँसोको खाजा खाने समय तन्नेरी तामाङ त्यतै पुगिहाल्नु हुन्छ । उहाँजस्तै चटपटे, पानीपुरी खाने ग्राहकको रहरलाग्दो उपस्थितिले व्यवसायीलाई जाँगरिलो बनाएको छ । ठेलागाडामा चटपटे, पानीपुरी मात्रै बेच्दै आएका व्यवसायी तथा व्यापारीले खाजाका 'आइटम' थप्दै गएछन्।

चटपटे, पानीपुरीसहित समोसा, जुलेवी, चनाभुजा, आलुचप, पकौडा, कचौडी एकै ठाउँमा राख्न थालेका छन्। ठेलागाडामा व्यवसाय गर्नेहरुले बनाएका खानेकुरा स्वादिष्ट हुने उपभोक्तामा छाप बस्दै गएको छ । जति नै प्रकारका खानेकुरा बोके पनि सबैभन्दा बढी बिक्ने पिरो, अमिलो जिब्रोमा च्वास्सै लाग्ने चटपटे र ट्वाक्क परेको पानीपुरी हो । यसको व्यापार सदाबहार हुने व्यवसायी समिरा सुब्बाले बताउनुभयो।

"चटपटे, पानीपुरी सबैले मन पराउँछन्," विशेषगरी दिउँसो खाजा खाने समय र विद्यार्थीहरुको विद्यालय छुट्टी भएपछि बनाएर दिन भ्याइनभ्याइ नै हुन्छ। विद्यार्थी, कर्मचारी, युवायुवती बढी आउँछन्," उहाँले भन्नुभयो।

दुधौली नगरपालिका-११ पत्रिङ्गामा उहाँको घर छ। पाँच वर्षदेखि छोराछोरी पढाउन जिल्ला सदरमुकामस्थित मधुटारमा कोठाभाडामा लिएर बस्दै आउनुभएकी सुब्बाले आफ्नो कोठा नजिकै चटपटे व्यापार गर्न थाल्नुभएको दुई वर्ष पुग्नै लाग्यो।

एक छोरा र एक छोरीकी आमा सुब्बा कोठाको कामधन्दा सकाएर दिउँसो १२ बजे मात्रै व्यापार गर्न निस्कनुहुन्छ। साँझ ६ बजेसम्म ठेलागाडामा चटपटे, पानीपुरी



बेच्न खटिनुहुन्छ । यसको व्यापार कम लगानीमा गर्न सकिने भएकाले जो कोहीले गर्न सक्ने उहाँको बुझाइ छ। उहाँले २५ हजारबाट व्यवसाय सुरु गर्नुभएको हो।

"पन्ध्र महिनाअघि २० हजार ठेलागाडा र पाँच हजार चटपटे, पानीपुरीको सामानमा लगानी गरेर यो व्यवसाय सुरु गरेको थिएँ," उहाँले भन्नुभयो, "व्यापार, व्यवसायले हामीलाई आत्मानिर्भर बनाउने रहेछ। दुई वर्षदेखि रोजगारी नपाएर श्रीमान् घरैमा हुनुहुन्छ। चारजना परिवारको खर्च यसैको कमाईले टारिराखेको छु।"

रु ३० हजारको लगानीमा सुरु भएको चटपटे व्यवसायबाट मासिक ४० हजार बचत हुने मुकेश चौधरीले बताउनुभयो । पढाइमा ५ कक्षा उत्तीर्ण नगर्नु भएका चौधरीले सिन्धुलीमाडी बजारमा चटपटे व्यापार गरेरै १५ वर्ष बिताइसक्नुभएको छ । रु २० हजारको ठेलागाडामा चटपटे, पानीपुरीको सामान, पकौडा, आलुचप, चनासहितको खाजासेट तयार गर्न ग्यास चुलो राखिएको हुन्छ । सोही ठेलागाडा ठेल्दै उहाँ मधुटारदेखि लोकतान्त्रिचोक, १ नं बजार, गैरीबजार हुँदै २ नं बजारसम्म पुग्नुहुन्छ । बजारमा कपडा, खाद्यान्न, तरकारी, भाँडाकुँडालगायत व्यापार गर्न बसेका अधिकांश व्यापारी उहाँको ठेलामा तयार भएका खानेकुरा खान रुचाउँछन्।

दिउँसोको खाजा खाने समयमा जीवन सँगिनी रानीदेवी चौधरी र उहाँलाई धौधौ नै पर्छ। रानीदेवीका अनुसार उहाँकामा दैनिक ५० देखि एक सयजना बढी खाजा खाने ग्राहक हुन्छन्। ठेलागाडामा गरेको व्यवसाय भए पनि सफा, स्वादिष्ट र गुणस्तर हुने भएकाले सबैको रोजाइमा परेको उहाँको बुझाइ छ । "चटपटे, पानीपुरी स्वादिष्ट बनाउन सबै मरमसलाको मात्रा मिलाउन सक्नुपर्छ । गेडागुडी, काँक्रो, बन्दाकोभी, आलुचप, कचेडी, टमाटर, प्याज, चाउचाउ, दालमोट लगायतका कुरा भुजामा मिसाएर हेर्दै खाउँ-खाउँ लाग्ने बनाउनुपर्छ," व्यवसायी रानीदेवीले भन्नुभयो,।

> "पन्ध्र महिनाअघि २० हजार ठेलागाडा र पाँच हजार चटपटे, पानीपुरीको सामानमा लगानी गरेर यो व्यवसाय सुरु गरेको थिएँ," उहाँले भन्नुभयो, "व्यापार, व्यवसायले हामीलाई आत्मानिर्भर बनाउने रहेछ । दुई वर्षदेखि रोजगारी नपाएर श्रीमान् घरैमा हुनुहुन्छ । चारजना परिवारको खर्च यसैको कमाईले टारिराखेको छु ।"

व्यापार, व्यवसाय गर्नेहरुले आफ्ना सेवाग्राहीलाई माया गर्न जरुरी रहेको व्यवसायी मुकेशको बुझाइ छ । त्यसैले आफ्नो पसलको नाम 'लभ्ली चटपटे, पानीपुरी पसल' राखेको उहाँले बताउनुभयो । यस पसलले चौधरी दम्पती स्वरोजगार मात्रै भएका छैनन्, आम्दानीबाट सिन्धुलीमाडीको धुराफाँटमा सात धुर घडेरी जोडिसकेका छन् । महोत्तरीमा दुई धुर घडेरी किनेर एकतले पक्का घर बनाइसकेको चौधरी दम्पती बताउँछन्। तीन छोरा र एक छोरीको पढाइ खर्चसहितका सबै खर्च यसैबाट चलेको छ। बाहिरी जिल्लाबाट सिन्धुली आएर चटपटे, पानीपुरी मात्रै व्यापार गरेर आफ्ना सन्तानलाई बोडिङमा पढाउनेलगायतका सबै खर्च टारेर घरजग्गा जोड्ने चौधरी दम्पती त प्रतिनिधि पात्र मात्रै हुन्। यस्ता उदाहरण जिल्लामा अरू पनि थुप्रै छन्।

पच्चिसवर्षे रवि शाहले चटपटे, पानीपुरी व्यापारमा आफ्नो वर्तमानमात्र नभएर भविष्य पनि देख्नुभएको छ । बाजे र बुबाले गर्नुभएको पेसालाई उहाँले निरन्तरता दिनुभएको हो। १० जना परिवारको जीविका यही व्यापार, व्यवसायबाट चलेको उहाँले बताउनुभयो । "जागिर गर्दा अरूको चाहनामा चल्नुपर्छ । आफ्नो व्यापार, व्यवसायको आफैं मालिक हो। कसैको दबाबमा काम गर्नु पर्दैन। आफ्नो इच्छा, चाहना र खुसीअनुसार मन लागेको गर्न पाइन्छ । यसमा स्वतन्त्रता हुन्छ, स्वाभिमानसहितको सम्मानित जीवन बिताउन पाइन्छ," युवा व्यवसायी शाहले सुनाउनुभयो।

उहाँका अनुसार सिन्धुलीमाडीमा चट्पटेको व्यापार सुरु गर्ने पहिलो व्यवसायी आफ्ना हजुरबा लक्ष्मण र बुबा महन्त शाह हुन् । २०३२ सालमा उहाँहरुले सुरु गर्नुभएको व्यवसायलाई छोरा नातिले समेत पछ्याउँदै आएका छन् । व्यवसायबाट बाबु-बाजेले सबै परिवारको खर्च टारेर घरजग्गा लगायतका सम्पति जोड्न सफल भएकाले आफूहरुले पनि यसैमा भविष्य देखेको युवा व्यवसायी शाहको भनाइ छ।

तीस वर्षदेखि सिन्धुलीमाडीमा चटपटे बेच्दै आउनुभएका सीतादेवी ठाकुर र कमला चौधरी पछिल्लो समय चटपटे, पानीपुरी व्यापार, व्यवसायमा समस्या, चुनौती थपिएका धारणा राख्नुहुन्छ । सामान महँगिएकाले व्यापारबाट पहिलाजस्तो आम्दानी लिन नसकेको, व्यापारी र व्यवसायी बढेकाले एकअर्कामा प्रतिस्पर्धा हुने गरेको, सेवाग्राहीहरु मीठो, सस्तो, गुणस्तर खोज्ने र बजारमा प्रतिस्पर्धा गरेर बेच्नु परेकाले पहिलाको भन्दा आम्दानी घटेको उहाँले बताउनुभयो।

बजार क्षेत्रमा ठेलागाडामा चटपटे, पानीपुरी व्यापार गर्ने व्यवसायीहरुलाई नगरपालिकाले विभिन्न बहानामा दुःख दिने गरेकोसमेत उहाँले गुनासो गर्नुभयो। सानो लगानीमा सुरु गर्न सकिने र खाजाका रुपमा अधिकांश व्यक्तिको रोजाइमा पर्ने पिरो, अमिलो चटपटे, पानीपुरी व्यवसाय जिल्लामा फस्टाउँदै गएको छ । सिन्धुलीको सिन्धुलीमाडी, खुर्कोट, ढुङ्गेवास, चियाबारी, नयाँखर्क, मूलकोट, डकाहा, दुधौली, मरिणलगायत जिल्लाभरका मुख्य-मुख्य चोकमा चटपटे, पानीपुरीको व्यापार बढेको छ । यसबाट व्यवसायीले आकर्षक आम्दानीसमेत दिँदै आएका छन्। रासस

# रामराजाप्रसाद सिंह स्वास्थ्य प्रतिष्ठानको काम अघि बढाउन माग

राजविराज । लामो समयदेखि अवरुद्ध रहेको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन मागसहित रिले अनशन सुरु गरिएको छ।

सप्तरीको राजविराज नगरपालिका-१० विरौलस्थित प्रतिष्ठानको निर्माण अलपत्र पार्दै अन्य कामसमेत रोकिएकाले अविलम्ब काम सञ्चालन गर्नुपर्ने मागसहित निर्माणस्थलमा अनिश्चितकालीन रिले अनशन सुरु गरिएको हो । पाँच दिनदेखि प्रतिष्ठानको निर्माणस्थलमा विभिन्न पाँच सूत्रीय माग राखी सुरु गरिएको अनशन आज पनि जारी छ।

स्थानीय समाजसेवी रामकुमार दासको नेतृत्वमा अनशन सुरु गरिएको थियो । खाँडो पुल नजिक प्रतिष्ठान निर्माणका लागि ६२ बिघा जग्गा अलपत्र अवस्थामा छाडिएको भन्दै काम छिटो सञ्चालन गर्नुपर्ने मागसहित अनशन जारी राखिएको दासले बताउनुभयो।

शिलान्यास भएको दुईवर्ष पाँच महिना वितिसक्दा निर्माण अलपत्र परेको भन्दै प्रतिष्ठान निर्माण यथाशीघ्र बढाउनुपर्ने, पूर्वाधार तयारी विकास समितिमा रिक्त पदमा पदाधिकारी र कर्मचारी नियुक्त गर्नुपर्ने, निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्नुपर्नेलगायत पाँच बुँदे माग अघि सार्दै रिले अनशन जारी राखिएको स्थानीयवासी सुनिल मण्डलले बताउनुभयो।

पाँच वर्षभित्र निर्माण सम्पन्न गरी हस्तान्तरण गरिसक्ने भनिए पनि शिलान्यास भएको दुई वर्षसम्म निर्माण सुरु नगर्दा स्थानीय आक्रोशित बनेका छन्। "प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन", सङ्घर्ष समितिका संयोजक दासले भन्नुभयो। निर्वाचनका समयमा चुनावी मुद्दा बनेको प्रतिष्ठान यतिबेला अलपत्र बनेको भन्दै कसैले चासो नदेखाएपछि आन्दोलनमा उत्रिनु परेको उहाँको भनाइ थियो।

'एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान' निर्माण गर्ने नीतिअनुसार विसं २०७५ पुस १६ गते मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशको राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो।

"प्रतिष्ठानले गजेन्द्रनारायण सिंह अस्पतालको एउटा कोठा भाडा लिएर सञ्चालनमा ल्याइएको छ। उक्त स्थानमा पूर्वाधार तयारी विकास समिति कार्यालयको बोर्ड राखिएको रहेको छ", दासले भन्नुभयो, "गतवर्षको निर्वाचनमा समितिका अध्यक्ष डा रोहित पोखरेल प्रदेशसभाको निर्वाचनमा उम्मेदवार बनेपछि अर्को अध्यक्ष अहिलेसम्म नियुक्त गरिएको छैन।"

अस्पतालका तत्कालीन मेडिकल सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा रञ्जितकुमार झाको पनि सरुवा भएर अन्यत्र गएपछि एक वर्षयता कार्यकारी निर्देशकको पद पनि रिक्त रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार प्रष्ठिानमा कार्यरत तीन करार कर्मचारीको म्याद सकिएपछि प्रतिष्ठान कर्मचारीविहीन बनेको छ।

पदाधिकारीविहीन समितिको कार्यालयमा लाखौँ रुपैया खर्चेर खरिद गरिएका सामान थन्किएका दासले बताउनुभयो। "पूर्वाधार तयारी विकास समितिका लागि आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म रू १६ करोड १० लाख बजेट विनियोजन भएकामा रू तीन करोड १६ लाख ४७ हजार खर्च भएको छ भने रू १२ करोड ९३ लाख ५२ हजार खर्च हुन नसकेर फिर्ता भएको जनाइएको छ", उहाँले भन्नुभयो। रासस

# इजरायलबाट धेरै नेपाली फर्किनै चाहेनन् : दूतावास

**टुडे समाचारदाता**

काठमाण्डु । प्यालेस्टाइनी समूह हमाससँगको युद्धबाट ग्रस्त इजरायलमा रहेका धेरै नेपालीले स्वदेश फर्किन अस्वीकार गरेका छन्।

इजरायलको तेल अबिबस्थित नेपाली राजदूतावासका अनुसार आक्रमणको सुरुवाती समयमा अनलाइन नाम दर्ता गराका नेपालीहरू पुनः सम्पर्कमा आउन छाडेका छन् । दूतावासका प्रथम सचिव अर्जुन घिमिरेका अनुसार मंगलबार भारतले आफ्नो उद्धार विमानमा नेपालीका लागि २० वटा सिट उपलब्ध गराए पनि १८ जना मात्रै सम्पर्कमा आएका थिए।

'हामीलाई छिमेकी मुलुक भारतको उद्धार विमानमा दिइएको सिट पनि भर्न सकेनौं । हामीलाई २० वटा सिटको व्यवस्था भएको थियो । सबैलाई सूचना गर्दा पनि १८ जना मात्रै जान तयार हुनुभयो। यसले पनि नेपाल फर्किन चाहेका



नागरिकहरूको मनस्थिति बदलिएको देखिन्छ', प्रथम सचिव घिमिरेले अनलाइनखबरलाई भने।

दूतावासले नेपाल फर्किन चाहनेहरुका लागि आवश्यक व्यवस्था गर्ने सार्वजनिक सूचना नै जारी गरेको छ । दूतावासले आक्रमण सुरु भएको तेस्रो दिनदेखि नेपाल फर्किन चाहनेको विवरण माग गरेको थियो । त्यसरी सूचना जारी गर्दा नाम दर्ता गराएका करिब चार सयभन्दा बढीमध्ये २५४ जना मात्रै पहिलो चरणको उद्धारमा नेपाल फर्किएका थिए। त्यसपछि मंगलबार थप १८ जनालाई भारतीय विमानको सहयोगमा दिल्ली हुँदै नेपाल ल्याइएको छ । पहिलो चरणमा नेपाल फर्किने २५४ जना सबै विद्यार्थी थिए भने यो चरणमा श्रमका लागि गएकाहरू बढी छन्।

गएको ७ अक्टोबारबाट हमासले इजरायलको दक्षिणी क्षेत्रमा सुरु गरेको रकेट आक्रमणमा नेपालीहरू समेत परेका थिए। त्यसमा १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो भने पाँच जना घाइते भएका थिए।

घाइते भएकामध्ये एक जना डिस्चार्ज भएर नेपाल आइसकेका छन् भने एकजना इजरायलमा नै दूतावासको निगरानीमा छन् । बाँकीको पनि अस्पतालनबाट छिट्टै डिस्चार्ज गर्ने तयारी चलिरहेको छ। एकजना नेपाली विद्यार्थी विपिन जोशी भने घटनाकै दिनदेखि सम्पर्क विहीन छन्।

दूतावासका प्रथम सचिव घिमिरेका अनुसार विपिनको खोजीलाई प्राथमिकताका साथ अघि बढाइएको छ । अहिलेसम्म कुनै नतिजा हात लाग्न सकेको छैन। घटनामा परी ज्यान गुमाएका १० जनामध्ये पाँच जनाको शव इजरायलले नेपाली राजदूतावासलाई हस्तान्तरण गरिसकेको छ।

बाँकी पाँच जनाको शवको पहिचान र केही कानुनी प्रक्रिया बाँकी रहेको दूतावासले जनाएको छ । छिट्टै मृतकका शव नेपाल पठाउने तयारी भइरहेको घिमिरेको भनाइ छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनलोकपालका पदाधिकारी बर्खास्त गर

मधेश प्रदेशमा रहेको जनलोकपालका पदाधिकारीहरु पूर्ण रुपमा अक्षम रहेकाले तत्काल उनीहरुलाई बर्खास्त गर्नुपर्छ । गठन भएको तीन वर्ष भइसक्दा पनि कार्य प्रगति शून्य रहेको छ । जनलोकपालका अध्यक्ष र सदस्यहरुले आमनागरिकले तिरेको करबाट तलब, सुविधा लिइरहेका छन् । तर उनीहरुको कार्य क्षमता शून्य छ । आमनागरिकले जनलोकपालप्रति विश्वास पनि गर्दैनन् । देशमा भ्रष्टाचारलाई न्यूनीकरण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग सक्रिय छ । देशको सातवटै प्रदेशमा आयोगको प्रादेशिक कार्यालय छ । त्यस अतिरिक्त आयोगको मुख्य कार्यालयले पनि देशैभरि भ्रष्टाचार सम्बन्धी उजुरीहरुको छानविन र कारबाही गर्छ । तर मधेश प्रदेशमा उस्तै प्रकृतिको जनलोकपाल गठन गरिएको छ । भारतमा जनलोकपालका लागि चर्चित समाजिक अभियन्ता अन्ना हजारेले पटक-पटक अनशन गरे । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीबाल पनि त्यसका एउटा अंग थिए । तर भारत सरकारले जनलोकपाल कानुन बनाउन लामो समय लगाए । जनलोकपाल प्रदेश अथवा केन्द्रमा गठन भइसकेको छैन् । नेपालकै सात प्रदेशमध्ये मधेश प्रदेशमा मात्र जनलोकपाल गठन भएको छ । जनलोकपालको कार्यालय सञ्चालन, पदाधिकारीहरुको सेवा, सुविधामा मात्र वार्षिक डेढ/दुई करोड खर्च हुने गरेको छ । तर काम शून्य छ । काम गर्ने क्षमता नै नभएका व्यक्तिहरुलाई प्रदेश सरकारले पदाधिकारी बनाएको छ । विगतको लालबाबु राउतको सरकारले गठन गरेको जनलोकपाल खासमा अख्तियारको कारबाहीबाट जोगिनलाई थियो । जनलोकपाल गठन गरेर तत्कालीन मुख्यमन्त्री राउतले आफ्नो कार्यालय लगायत मन्त्रालयहरुमा अख्तियारलाई प्रवेश रोक्ने अभिप्रायले गरे पनि त्यो सफल हुन सकेन् । अख्तियारले प्रदेश सरकारको कयौं विषयमा अनुसन्धान गरिरहेको छ । कयौं विषयमा मुद्दा पनि दर्ता गरिसकेको छ । जनलोकपाललाई प्रदेश सरकारले 'पाहुना'को रुपमा पालिरहेको छ । जनलोकपालका अध्यक्ष रामसहाय यादवले आफ्ना लागि खरिद गरेको सवारी साधनको रंगलाई राष्ट्रपति चढने गाडीको जस्तो बनाउन लगाएका छन् । गाडी खरिद गर्ने बितिकै उनले अर्को रंग गराएका थिए । गाडी रोकेर चालकले ढोका नखोलेसम्म उनी ओर्लदैनन् । तर उनको तीन वर्षको कार्य प्रगति शून्य रहेको छ । उनी कार्यालय सहयोगीसित कार्यालयमा बसेर खैनी खाँदै दिन कटाउने गरेका छन् । मधेश प्रदेशका किसानहरुलाई सरकारले राहत दिन सकेको छैन् । ग्यासमा अनुदान नदिँदा मध्यम र विपन्न वर्गले ग्यासको प्रयोग नै छाड्ने अवस्थामा पुगेका छन् । तर जनलोकपालको नाममा सरकारले वार्षिक करोडौ नोक्सान गरिरहेको छ । जनलोकपालमा गरिएको लगानीलाई बन्द गरी विपन्न छात्रछात्राहरुलाई छात्रवृत्ति दिए भविष्यमा त्यसको सकारात्मक प्रतिफल मिल्ने छ । जनलोकपालले काम गर्न अक्षम रहेकाले त्यसलाई खारेज गर ।

# भगवान स्कन्दलाई गोदमा धारण गर्ने स्कन्दमाता

***या देवी सर्वभूतेषु मां स्कंदमाता रूपेण संस्थिता।***
***नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः।।***

यसको अर्थ हो हे माता ! सर्वत्र विराजमान र स्कंदमाताको रूपमा प्रसिद्ध अम्बे हजुरलाई मेरो कोटिकोटि प्रणाम छ । म हजुरलाई बारंबार प्रणाम गर्छु । हे माता, मलाई सबै पापबाट मुक्ति प्रदान गर । यस दिन साधक को मन 'विशुद्ध' चक्रमा अवस्थित हुन्छ ।

भगवान स्कंद 'कुमार कार्तिकेय'को नामबाटपनि मातालाई स्मरण गरिन्छ । यो प्रसिद्ध देवासुर संग्राममा देउताहरुको प्रधान सेनापति बन्नु भएको थियो । पुराणहरुमा उहाँलाई कुमार र शक्ति भनेर महिमाको वर्णन गरिएको छ ।

उहाँ भगवान स्कन्दमाता भएको कारण मां दुर्गाजीको यस स्वरूपलाई स्कंदमाताको नामले पुजिन्छ ।

स्कन्दमाताको कृपाले मुर्खपनि ज्ञानी हुने गर्छ । स्कन्द माताको आफ्नो गोदमा धारण गर्नु भएकी माता देवीको नाम स्कन्दमाताको नामले विख्यात छन् ।पहाडमा बसेर संसारिक जीवमा नवचेतनाको निर्माण गर्ने स्कन्दमाता हुन् ।

बडा दशैमा पाँचौ दिन स्कन्दमाताको पूजा अराधना गरिन्छ ।पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा र पाँचौ दिन स्कन्द माताको पुजा गरिन्छ ।

दूर्गा मन्दिर र पण्डालमा बनाईने दूर्गाको मुर्तीहरुमा स्कन्द माताको स्वरुप निर्माण भएको देखिदैन् ।

तर पाँचौ दिन उहाँको पूजा गरिन्छ ।हिन्दूहरुको धर्मग्रन्थहरुमा नवरात्री सम्बन्धी पूजा विधिमा स्कन्दमाताको पूजा पाँचौ दिन गरिन्छ ।स्कन्दमाताको कृपाले मुर्खपनि विद्वान बन्ने गर्छ ।विधिविधान पूर्वक गरिने पूजाबाट माता प्रसन्न भै साधकलाई मनवाञ्छित फल प्रदान गर्नु हुन्छ ।

स्कंद कुमार कार्तिकेयकी माताको कारण उहाँलाई स्कंदमाताको नामले अभिहित गरिएको छ ।

उहाँको गोदमा भगवान स्कंद बालरूपमा विराजमान हुनुहुन्छ । स्कन्दमाताको कृपा प्राप्तिका लागि ठूलो जपजापपनि आवश्यक नपर्ने बताईन्छ । अत्यन्त निष्ठापूर्वक उहाँको भक्तिपुजा गरी साधकहरु सिद्धी प्राप्त गर्छन् ।

स्कन्दमाताको चार हात छन् ।दाहिने तर्फको उपरको हातले भगवान स्कन्दको बालस्वरुपलाई समात्नु भएको छ ।

तलको हातमा कमलको पुष्प रहेको छ । बायाँ तर्फको माथिल्लो हातमा वरदमुद्रा र तलको हातमा कमल पुष्प रहेको छ ।उहाँको वर्णन अत्यन्त शुभ रहेको छ ।उहाँ कमलको आसनमा विराजमान रहनुहुन्छ ।उहाँ कमलको आसनमा विराजमान रहने भएकाले पद्यमासन पनि भनिन्छ ।स्कन्दमाताको सवारी सिंह रहेको छ ।उहाँ सिंहमा सवार भएर भक्तहरु समक्ष पुग्ने गरेको धार्मिक मान्यता छ ।

शास्त्रमा स्कन्दमाताको अत्यन्त महत्वको वर्णन गरिएको छ ।उहाँको उपासनाले भक्तको सम्पूर्ण ईच्छापूर्ण हुन्छ ।भक्तले मोक्ष प्राप्ति गर्छन् ।उहाँ सूर्यमण्डलको अधिष्ठात्री देवी भउको कारण उहाँको भक्तहरुले अलौकिक तेज र कान्तिमय हुन्छन् ।स्कन्दमाताका भक्तहरुमा अत्यन्त तेज हेर्न सकिन्छ ।



मनलाई एकाग्रचित र पवित्र बनाएर स्कन्दमाताको आराधना गर्ने भक्त, साधकहरुलाई भवसागर पार गर्न कुनै कठिनाई हुँदैन् ।

नवरात्रि-पूजनको पाँचौ दिन शास्त्रमा पुष्कलको महत्व वर्णन गरिएको छ । यस चक्रमा अवस्थित मन भएका साधकको समस्त बाह्य क्रिया एवं चितवृतीको लोप हुन्छ । उनी विशुद्ध चैतन्य स्वरूप तर्फ अग्रसर भईरहेका हुन्छन् ।

साधकको मन समस्त लौकिक, सांसारिक, मायिक बंधनबाट विमुक्त भएर पद्मासना स्कन्दमाताको स्वरुपमा पूर्णत :तल्लिन भएका हुन्छन् । यो समयमा साधकले पूर्ण सावधानीपूर्वक उपासना तर्फ अग्रसर हुनु पर्छ ।

आफ्नो सम्पूर्ण ध्यान वृतिलाई एकाग्र राख्दै साधनको पथमा अगाडी बढनु पर्छ ।

उहाँको पूजाले मोक्षको मार्ग सहज हुन्छ ।स्कन्दमाता विद्वान र सेवक उत्पन्न गर्ने अत्यन्त शक्तिशाली हुन् ।

चेतनाको निर्माण गर्ने स्कन्दमाता कल्याणकारी हुनुहुन्छ ।

भनिन्छ काली दासले रचना गरेको बहुचर्चित ज्ञानोपयोगी रघुवंशम महाकाव्य र मेघदूतको रचना स्कन्दमाताकै कृपाले संभव भएको हो ।स्कन्दमाताको कृपा भएपछि काली दास सर्वत्र पुजनिय भक्त बने ।

स्कन्दमाताको पूजामा भक्ति र निष्ठा आवश्यक मानिन्छ ।साधकहरु जति भक्ति र निष्ठापूर्वक पूजा गर्छन्, माताको कृपा त्यती चाँडौ बर्सिन्छ ।स्कन्दमाताको स्वरुप दयालु हो ।साधकमाथि उहाँको कृपा वर्षा हुन्छ ।

# स्वास्थ्यमा प्रणालीगत सुधार आवश्यक



डा अनिलविक्रम कार्की

वर्तमान नेपालको स्वास्थ्य अवस्था नियाल्दा हामी ठूलो अन्योलको बीचमा छौं। यो अन्योल चिरेर प्रणालीगत सुधार गरिएन भने नेपालको स्वास्थ्य सेवा धरासायी हुने अवस्था छ। स्वास्थ्यका विषयगत सूचकहरुलाई हेर्दा केहीमा सुधार भएर आम नेपालीको पहुँच वृद्धि भएको देखिन्छ। यो सुधार पनि संख्यात्मक पहुँचमा मात्र वृद्धि भएको हो, गुणात्मक पहुँच अहिले पनि बढ्न सकिरहेको छैन।

स्वास्थ्यको मुख्य आधार स्तम्भको रुपमा स्वास्थ्य बीमा कार्यक्रम, स्वास्थ्य शिक्षा, स्वास्थ्य जनशक्ति, स्वास्थ्य उपकरण र भौतिक पूर्वाधार हुन्। यी सबै आधार स्तम्भलाई एक-एक गरेर हेर्ने हो भने सबैमा समस्या देखिन्छ। सबैलाई प्राथमिकता नदिने हो भने स्वास्थ्य क्षेत्रमा समस्या सधैँ रहिरहन्छ। यसले स्वास्थ्यका सूचकमा पनि असर गर्छ। यी सबै एकआपसमा जोडिएका विषय हुन्।

पछिल्लो समय स्वास्थ्य शिक्षाको विषय अन्योलमा छ। नेपालमा पढ्न कठिन छ। त्यही विषय पढ्न बाहिर जानुपर्ने बाध्यता रहेको छ। विगतमा स्वास्थ्य शिक्षा अध्ययनका लागि गैरआवसीय नेपालीहरु, विदेशीहरु नेपालमा आउने गर्थे। तर आज ठूलो मात्रामा नेपालीहरु नै बाहिर पढ्न जानुपर्ने अवस्था सिर्जना भएको छ। जसका कारण हाम्रो दक्ष जनशक्तिसँगै ठूलो मात्रामा नेपाली पैसा बाहिरएको छ। पहिला नेपालमा जति नर्सिङहरु उत्पादन हुन्थे, त्यो उत्पादन अहिले घटेको छ। पढ्नका लागि छिमेकी राष्ट्र भारत लगायतका अन्य मुलुकमा जानु परिरहेको छ। त्यसको गुणात्मक डेलिभरीमा पनि ठूलो प्रश्न छ।

नेपाली बजारमा चरम श्रम शोषणको समस्या पनि छ। जसका कारण दक्ष स्वास्थ्यकर्मीहरु बाहिर जान बाध्य बनेका छन्। स्वास्थ्य शिक्षामा हामीले लिएका नीति, नियम, कानुनहरुमा काम गर्ने क्रममा केही समस्या देखिएका छन्। त्यसलाई चिकित्सा शिक्षा आयोगले संशोधन गर्नुपर्ने आवश्यकता छ। होइन भने स्वास्थ्यमा ठूलो जनशक्तिको खाडल आउने देखिन्छ ।

**अर्को महत्वपूर्ण कुरा भनेको स्वास्थ्य क्षेत्रमा हुने लगानी हो। तर राज्यले स्वास्थ्यको लगानीमै कन्जुस्याईं गर्छ। कोभिडको**

समयमा बजेटको ७/८ प्रतिशत हिस्सा स्वास्थ्यमा थियो। तर अहिले फेरि ४ प्रतिशतमा खुम्चिएको अवस्था छ। स्वास्थ्यमा लगानी गर्न नै कन्जुस्याईं गरेपछि कसरी प्रतिफल आउँछ। स्वास्थ्यमा गर्ने खर्च, खर्च होइन यो त लगानी हो नि ! तर सरकार लगानी गर्न सधैँ नै चुकिरहेको छ। स्वास्थ्यकर्मी, चिकित्सहरुको दरबन्दी, आर्थिक प्रोत्साहन, तलब सुविधा बढाउने कुरामा राज्य कहिल्यै पनि संवेदनशील भएको देखिँदैन।

अहिले अमेरिका, अष्ट्रेलिया, यूके जस्ता विकसित मुलुकहरुमा नेपाली चिकित्सकहरुले दिइरहेको सेवा निकै राम्रो छ। उनीहरुलाई कसरी नेपाल ल्याउने भन्ने नीति सरकारले लिएको देखिँदैन। विकसित देशमा अब्बल सेवा दिन सक्ने नेपाली चिकित्सकलाई नेपाल फर्काउने विषयमा खोई राज्यले पहल गरेको ? तिनीहरुलाई नेपालमा ल्याउन सकेको अवस्थामा स्वास्थ्य क्षेत्रमा ठूलो टेवा पुग्नेछ। त्यसका लागि नीतिगत परिवर्तन, आर्थिक सुविधा दिने र सुरक्षाको ग्यारेन्टी राज्यले दिन आवश्यक छ ।

मुलुक संघीयतामा जाँदा स्थानीय सरकार, प्रादेशिक र केन्द्रीय सरकार बनेका भए पनि जनशक्ति परिचालनको क्षेत्रमा ठूलो विवाद देखिन्छ । यो अन्योलका कारण पनि स्वास्थ्य क्षेत्रमा थप समस्या सिर्जना हुने अवस्था देखिन्छ। एमबीबीएस तथा विशेषज्ञ तह अध्ययन गरेका चिकित्सकलाई स्थानीय तहमा लगेर थन्क्याउने काम पनि भएका छन्। वृत्ति विकास रोक्ने काम भएको छ। यो गम्भीर समस्या हो। जनशक्ति व्यवस्थापनका लागि चिकित्सा सेवा आयोग, स्वास्थ्य सेवा आयोग छुट्टाछुट्टै बनाएर अगाडि बढ्नुपर्छ। हामीले यस विषयमा सरकारलाई पनि सुझाव दिएका छौँ।

स्वास्थ्य क्षेत्रमा अर्को गर्नैपर्ने काम भनेको रोग लागिसकेपछिको उपचारमा भन्दा रोग लाग्नै नदिने विषय, जनचेतना जगाउने काममा बढी ध्यान दिनुपर्छ। प्रिभेन्टिभ र प्रमोटिभ हेल्थमा ध्यान नदिने हो भने स्वास्थ्यमा खर्च धान्नै नसक्ने स्थिति आउन सक्छ। नेपालमा पछिल्लो समय मुटु, मधुमेह, क्यान्सर जस्ता गम्भीर खालका नसर्ने रोगको भार थपिँदै गइरहेको अवस्था छ। सरुवा रोगको भार पनि उस्तै छ। झन् नयाँ-नयाँ रोगहरु थपिने क्रममा छ । यी सबै कुराहरुलाई केन्द्रमा राखेर कार्यक्रमहरु अगाडि बढाउनुपर्छ। विद्यालय तहदेखि नै यी कुराहरु पढाउनुपर्छ। स्थानीय सरकारको सहयोगमा गाउँ-गाउँमा रोग तथा समस्याको रोकथाम र बच्ने उपायका विषयमा चेतना जगाउनेदेखि स्वस्थ जीवनशैली, खानपान, पोषण लगायतका कुरामा केन्द्रित हुनुपर्छ। समष्टिमा राज्यले स्वास्थ्यमा गर्नुपर्ने फोकस परिवर्तन गर्न सकेको छैन। प्रणालीगत सुधार हुन सकेको छैन। भौगोलिक बनोट, स्थानीय समस्या, रोगको भार अनुसार कार्यक्रम बनाउन सकिएको छैन। स्वास्थ्य क्षेत्रमा देखिएका ग्यापहरुको विश्लेषण नै नगरी केन्द्रबाट सबैतिर एकै खालको कार्यक्रम लागू गर्दा पनि नतिजामा उल्लेख्य सुधार आउन नसकेको हो। स्वास्थ्यमा साँच्चिकै गुणात्मक सेवा बढाउने हो भने तत्कालै नीतिगत तहमै कामहरु गर्नुपर्ने हुन्छ ।

# लगानी संवाद, आइसिटी स्टार्टअप तथा इनोभेसन



नेत्र सुवेदी 'प्रयास'

भेला हुनु, मेला आयोजना गर्नु, हाटबजार सञ्चालन हुनु, नयाँ नयाँ विषयमा सोधपुछ गरी जानकारी हासिल हुनु, नवप्रवर्तनका लागि प्रोत्साहन गरिनु यी सबै राम्रा काम हुन् । समय परिवर्तनसँगै यस्ता मेला वा संवादहरूमा नयाँ र सिर्जनशील विषयहरू पनि किन्न, सुन्न, जान्न पाइन्छ । स्थानीय तहहरूले आफ्नो बजेट आफै निर्माण गर्ने क्रम सुरु भएसँगै कतिपय स्थानीय तहले लगानी सम्मेलन गर्ने भनेर बजेटमै उल्लेख गरे । तिलोत्तमालगायत केही पालिकाले सम्मेलन पनि आयोजना गरे । केही वर्ष यता सूचना तथा सञ्चारसँग सम्बन्धित प्रणाली, आईसिटी प्रयोग गरी हुने सेवासँग जोडिएका प्रडक्टहरू जनसमक्ष पुर्याउने कम्पनी तथा संस्थाहरूको स¤्या बढिरहेको छ भने सूचना तथा सञ्चार प्रविधिसँग कुनै न कुनै रूपमा आबद्ध भएर स्वरोजगारी तथा उद्यम सञ्चालन गर्ने युवाहरूको स¤्या पनि बढ्दो क्रममा छ ।

निजी तवरबाट सूचना प्रविधि क्षेत्रलाई अघि बढाउन क्रियाशील कम्प्युटर एसोसियसन नेपालले हरेक वर्ष क्यान इन्फोटेक मेला प्रारम्भ गरेकै २८ वर्ष भइसक्यो । आईसिटी अवार्डका आधारमा आईसिटी फाउण्डेसनले पनि सूचना प्रविधिसँग सम्बन्धित व्यवसायी, उद्यमी र स्टार्टअपहरूको वार्षिक भेला विगत आठ वर्षदेखि गर्दै आइरहेको छ । उद्योग वाणिज्य महासंघलगायतका निजी क्षेत्रका संस्थाहरूले पनि सूचना प्रविधिलाई महत्वका साथ अगाडि बढाएका छन् ।

द ब्रिटिस कलेज, सफ्टारिका कलेजले पनि यसै वर्ष इनोभेसन र दिगो विकास लक्ष्यलाई समेत जोडेर स्टार्टअप फेस्ट आयोजना गरेका थिए । विसं २०७९ असार ४ र ५ गते हुवावेलगायतका कम्पनीको प्रायोजनमा डिजिटल नेपाल कन्क्लेभ सञ्चालन भएको थियो । नेपालको डिजिटल इकोसिस्टम निर्माणका लागि अघि बढाउनुपर्ने विभिन्न विषयमा देशविदेशका विज्ञहरूको प्रस्तुति एवम् छलफल निष्कर्षहरू तयार गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चार सय ३४ स्थानीय तहलाई आधार मानेर सात प्रदेशका ५० सूचकका आधारमा गरेको सूचना प्रविधि सक्षमताको लेखाजोखा मूल्याङ्कनको नतिजाले दुई सय २९ वटा स्थानीय तहमात्र औसत अङ्क ल्याउन सफल देखिए । यसबाट स्थानीय तहले सूचना प्रविधि प्रयोग सम्बन्धमा आधारभूत तहमै काम गर्न बाँकी रहेको देखाउँदछ ।

**सूचना प्रविधि र इकमर्श**

सूचना प्रविधिमा आधारित उद्यम तथा स्वरोजगारसम्बन्धी सीप, आइडिया, व्यवसाय एवम् आर्जनको विषय संसारभर नै विस्तारका क्रममा रहेको र अर्थतन्त्रमा उदीयमान क्षेत्रका रूपमा लिइएको छ । सूचना प्रविधिमा विकसित पछिल्ला उपकरण र प्रणालीहरूले सम्भव तुल्याएका सुविधाहरू सार्वजनिक क्षेत्र, निजी क्षेत्र र अन्य सबै सङ्गठित क्षेत्र र सर्वसाधारण व्यक्तिले समेत लिन सम्भव भएको छ । प्रयोगमा आइरहेका प्रणालीमा पनि समयक्रमसँगै सुधार वा परिवर्तन अपेक्षित हुन्छ । जति पछाडि उति कम लागत, बढी क्षमता र सानो आकार वा स्पेस लिने गरी सूचना प्रविधि विकसित भइरहेको छ । सूचना प्रविधि र सञ्चार आपसमा अन्तरसम्बन्धित समेत भएको हुँदा सूचना तथा सञ्चार प्रविधि अर्थात आईसिटी भनेर चिन्ने गरिन्छ । नवीन प्रविधिले गर्दा जुनसुकै बखत सरकार-नागरिक र बजार-ग्राहकबीच अन्तरक्रिया सम्भव हुँदै गएको छ । यस्तो अवस्थामा कुनै पनि सरकार वा कुनै पनि विकासको पात्रले सूचना प्रविधिबाट अनदेखा भएर अगाडि बढ्न असम्भव छ । के कति निजी क्षेत्रमैत्री हुने ? के कति युवा उद्यमीमैत्री हुने र सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबीच आपसी अन्तरक्रिया बढाउँदै सूचना तथा सञ्चार प्रविधिलाई के कसरी उद्यम विकास, रोजगारी र आयसँग जोड्ने भन्ने विषय अहिलेको एक महत्वपूर्ण सरोकारको सबाल भएको छ । इकमर्शलाई पनि प्रष्ट रूपमा बिना झन्झट कानुनको दायरामा ल्याई औपचारिक बजारमा प्रवेश गराउनुपर्नेछ ।

**सूचना प्रविधि क्षेत्रको विकास र विस्तारमा सरकारी क्षेत्र**

वर्तमान संविधान र आवधिक योजनाले सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगतर्फ संकेत गरिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा अन्य कुराको अतिरिक्त डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनमा लगिने, डिजिटल साक्षरता बढाइ नागरिक एपको प्रयोग र पहुँच विस्तार गरिने उल्लेख छ । दूरसञ्चार पूर्वाधारअन्तर्गत ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तारको विषय परेको छ भने साइबर सुरक्षा र विद्युतीय तथ्याङ्कको सुरक्षाका विषयहरू पनि परेका छन् । साथै इकमर्शको माध्यमबाट हुने नेपाली वस्तु तथा सेवाको व्यापार प्रवर्द्धन र नियमन गर्ने कानुनी व्यवस्था गरिने उल्लेख छ । चौथो पुस्ताको औद्योगीकरण अवधारणाको आन्तरिकीकरणका लागि प्रविधि सहयोग, सचेतना र तालिमका कार्यक्रम सञ्चालन गरिने विषय समेत बजेटमा परेको छ । यसअघिका वर्षहरूदेखि नै स्मार्टअपका लागि सक्रिय व्यवसायीलाई अनुदानको व्यवस्था गर्ने भनिएको र अनुदान वितरणका लागि कार्यविधिको तयारी भइरहेको प्रसङ्ग बेलाबखत सुन्ने गरिएको छ । सार्वजनिक निकायमा विनियोजन भएको रकम खर्च गर्न निश्चित विधि अनुशरण गर्नुपर्ने हुँदा निजी क्षेत्र वा संस्थाले जस्तो सरल र छिटो ढङ्गले कार्यसम्पादन हुन गाह्रो छ । तथापि आईसिटी सेवा र बिजिनेस प्रोसेस आउटसोर्सिङ्गलाई रोजगारी तथा आम्दानीको क्षेत्रका रूपमा चित्रित गर्दै आएको देखिन्छ ।

**लगानी संवाद**

गत वर्षमात्र पनि लेखक स्वयम् लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयमा कार्यरत रहँदा प्रदेशका पश्चिमतर्फका जिल्लालाई समेटेर नेपालगञ्ज उद्योग वाणिज्य संघको हलमा लुम्बिनी लगानी संवाद सञ्चालन हुँदा ३० वटाभन्दा बढी साना तथा मझौला उद्यमी व्यवसायी तथा लगानीसम्बन्धी सरोकारवाला तथा विज्ञ सहभागी रहेको तथा उद्यमी व्यवसायीहरूलाई सरकारको तर्फबाट हुनुपर्ने साथ र सहयोगका साथै समग्र इकोसिस्टम निर्माणका लागि महत्वपूर्ण सुझाव प्राप्त भएका थिए । देशविदेशका ठूला कम्पनीको जमघट गर्ने, लगानीको घोषणा पनि गर्ने तर सम्झौता एवम् लगानी शून्यप्रायः हुने तितो यथार्थका बीच स्थानीय स्तरमा क्रियाशील उद्यमी व्यवसायीकै मर्का सुनेर समाधानको पहल हुनु सबै प्रदेश तथा स्थानीय तहका लागि एउटा उपयोगी कार्यनीति हुन सक्ने लेखकको ठम्याइ रहेको छ ।

**स्टार्टअप एण्ड आइडिया फेस्ट २०२३**

लिभिङ विथ आईसिटी र आईसिटी फाउन्डेसन नेपालले हरेक वर्ष आयोजना गर्ने आईसिटी अवार्डको प्रि-इभेन्ट क्याम्पियनका रूपमा काठमाडौँको थापागाउँस्थित बानेश्वर बैंक्वटमा यही असोज १९ र २० गते स्टार्टअप एण्ड आइडिया फेस्ट आयोजना गरेको थियो । सातै प्रदेशका स्टार्टअप, आइडिया र इनोभेसनमा काम गर्ने युवासँग प्रदेश प्रदेशमा अन्तरक्रिया तथा छलफल गरेर काठमाडौँमा दुई दिने कार्यक्रम गरिएको हो । उक्त स्टार्टअप एण्ड आइडिया फेस्टमा सातै प्रदेशका स्टार्टअपसहित ८० बढी डिजिटल स्टार्टअप आईडिया र इनोभेसनको सहभागिता थियो । कार्यक्रम बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन भएको थियो । सो प्रदर्शनीमा स्कुल कलेजका क्रियाकलापयुक्त स्टलहरू, प्रदेशगत रूपमा र राष्ट्रिय रूपमा सहभागीहरूको स्टल तथा इन्कुवेसनसहितको छनौटमा परेका तीन समूहका ४० जति स्टार्टअप उद्यम एवम् प्रडक्टहरू तथा समृद्धी आइडियाहरूको व्याख्या विश्लेषण र जिज्ञासा समाधान गर्ने र सम्पर्क एवम् थप जानकारीका लागि ब्रोसर तथा कार्डहरूको वितरण समेत भएको थियो ।

आईसिटी फाउण्डेसन नामक संस्थाले नेपाली बजारमा डिजिटल विकास तथा सोको आन्तरिकीकरणमा सक्रिय भूमिका खेल्दै आएको छ । अवश्य पनि देशमै केही गर्ने हुटहुटी भएका युवाहरूलाई प्रोत्सान र प्रवर्द्धनको खाँचो छ । यस्तो अवस्थामा युवाहरूको प्रतिभालाई सबैमाझ देखाउने र उनीहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न स्टार्टअप फेस्टले महत्वपूर्ण प्लेटफर्मको काम गर्न सक्छ । यसपटकको स्टार्टअप एण्ड आइडिया फेस्टमा नेपाली युवाले तयार पारेका एआई, ब्लकचेन, मेसिन लर्निङ, ईभी, विभिन्न सिस्टम, सफ्टवेयर तथा हार्डवेयर सोलुसनलगायतका स्टार्टअप इनोभेसन र आईडियाहरू राखिएको थियो ।

देशैभरका नयाँ नयाँ स्टार्टअप,ब आईडिया र इनोभेसन हेर्न अवलोकनकर्ताको उत्साहजनक सहभागिता थियो भन्ने विषय दुई दिनमात्र सञ्चालन भएको उक्त फेस्टमा १२ हजारभन्दा बढीले अवलोकन गरेको विवरणबाट पुष्टि हुन्छ । मेलामा अवलोकन गर्न पुगेका व्यक्तिहरूले देशका युवाहरूको इनोभेसनलाई चासोका साथ नियाल्नुका साथ विभिन्न जिज्ञासाहरू राखेबाट पनि यस खालको मेला समयसमयमा आयोजना हुनुपर्ने देखिन्छ । प्रतियोगितासहितको फेस्टले युवाहरूलाई देशमै केही गर्न प्रेरित गरिरहेको विश्वास गर्न सकिन्छ । देशमा पछिल्लो समयमा कस्ता कस्ता स्टार्टअप, आईडिया र इनोभेसन छन् त्यसको प्रतिबिम्ब फेस्टमा देखिएको छ ।

स्टार्टअप एण्ड आईडिया फेस्टमा राजनीतिक उच्चपदस्थ व्यक्तिहरू, सरकारी निकायका उच्च अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, विभिन्न कम्पनीका संस्थापक, सीईओ, लगानीकर्तालगायत अवलोकनका लागि पुगेको जानकारी पाइयो । आईसिटी अवार्ड २०२३ को प्रि-इभेन्ट क्याम्पियनको रूपमा भएको स्टार्टअप एण्ड आईडिया फेस्ट तथा स्टिम क्याम्पलाई लिइएको रहेछ । कार्यक्रममा सहकार्य गरेको स्क्वाइड अफ चेन्जमेकरले रोबोट, रकेट, थ्रीडी प्रिन्टङसहित बालबालिकाले बनाएका नयाँ प्रोजेक्टहरूलाई पनि प्रदर्शनीमा राखेको थियो ।

कार्यक्रमको मुख्य आकर्षणको रूपमा नयाँ नयाँ आईडिया, इनोभेसन तथा प्रडक्टको प्रदर्शनी, आईडिया पिचिङ, एष्ट्रोनोमी क्याम्प, रकेट तथा रोबोटिक्स क्याम्प, लगानीको अवसर तथा गेम रहेका थिए । साथै यो कार्यक्रमका सिलसिलामा आइडिया पिचिङ, वुटक्याम्प, मेन्टरिङ, लगानी अवसरका लागि जानकारी लिने, डिजिटल साक्षरताका साथै पहिचान र पुरस्कारको आधारका रूपमा समेत लिइएको पाइयो । फेस्टमा सातै प्रदेशका ३० बढी स्टार्टअपका साथै आईसिटी अवार्ड २०२३ मा प्रतिस्पर्धाबाट छनौट भएका उत्कृष्ट १२ स्टार्टअप, १३ विद्यार्थीहरूका इनोभेसन र १४ प्रडक्टले समेत फेस्टमा आफ्ना आईडिया र प्रडक्टहरू प्रदर्शनीमा रहेका थिए ।

कार्यक्रममा अवलोकनकर्ताले आईसिटी अवार्ड २०२३ का उत्कृष्ट १२ स्टार्टअप, १४ प्रडक्ट र १३ राइजिङ स्टार इनोभेसनमध्ये पाँच पाँच वटालाई भोट गर्न सकिने व्यवस्था समेत गरिएको थियो । कार्यक्रमको अन्तिम दिन सहभागी भएका सातै प्रदेशका स्टार्टअप, एक्जिबिटर, मेन्टर, आईसिटी अवार्डका उत्कृष्ट १२ स्टार्टअप, १३ राइजिङ स्टार र १४ प्रडक्टलाई सहभागिताका लागि सम्मानित समेत गरिएको थियो ।

मेलाभन्दा अगाडि नै दुई दिनसम्म सञ्चालन भएको वुटक्याम्पमा मार्केटिङ, ब्राण्डिङ, कम्पनी दर्ता, बजार अध्ययन, इक्विटी, कस्टुमर एक्विजेसन लगायत स्टार्टअप तथा आइडियालाई कसरी अगाडि बढाउने भन्ने विषयमा विविध कुराहरू सिकाइएको सहभागीहरूबाट जानकारी पाइयो । किंग्स कलेजसँगको सहकार्यमा आयोजना गरिएको बुटक्याम्पमा स्टार्टअप कसरी सुरु गर्ने, के के कुरामा ध्यान दिने, बजार व्यवस्थापन कसरी गर्ने, लगानी कसरी ल्याउने, दर्ता कसरी गर्ने, आईडियालाई कसरी भ्यालिडेट गर्ने लगायत ज्ञान पाइएको सहभागीको भनाइ थियो ।

# नयाँ चुनौतीको उदयसँगै नागरिकको संवेदनशीलता बढेको छ : उपप्रधानमन्त्री खड्का



काठमाण्डु । उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले नयाँ चुनौतीको उदयसँगै विश्वव्यापीरूपमा नागरिकको संवेदनशीलता बढेको बताउनुभएको छ । संयुक्त राष्ट्रसङ्घ दिवसका अवसर नेपाली सेनाले बुधबार यहाँ आयोजना गरेको विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले नेपाल संयुक्त राष्ट्रसङ्घको बडापत्रको दृष्टिकोण, लक्ष्य र उद्देश्यप्रति प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

उपप्रधानमन्त्री खड्काले संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापनाको विश्वास र वैधता कायम राख्न नयाँ र जटिल चुनौतीबीच कसरी शान्ति सुनिश्चित गर्ने भन्ने विषयमा पुनःविचार गर्न आवश्यक देखिएको धारणा व्यक्त गर्नुभयो । संयुक्त राष्ट्रसङ्घ दिवस, २०२३ को अवसरमा 'शान्ति म बाट सुरु हुन्छ' भन्ने नाराका साथ आयोजित समारोहमा उहाँले संयुक्त राष्ट्रसङ्घको बडापत्रको आदर्श र विश्व शान्तिको उद्देश्यप्रति नेपालको प्रतिबद्धताबारे स्मरण गराउनुभयो।

"संयुक्त राष्ट्रसङ्घको बडापत्र नेपालको परराष्ट्र नीतिको एउटा मार्गदर्शक सिद्धान्त हो", उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "नेपालले अन्तर्राष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ । नेपाल सधैँ विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ ।" निःशस्त्रीकरण तथा विश्वशान्तिलाई बढावा दिने र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि आह्वान गर्ने अन्तर र्राष्ट्रिय सन्धि-सम्झौतामा हाम्रा प्रतिबद्धता अभिव्यक्त भएको उल्लेख गर्दै उहाँले संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापनाका लागि शान्ति सेनाले निरन्तर खटेर योगदान गरिरहेको बताउनुभयो।

उपप्रधानमन्त्री खड्काले राष्ट्रसङ्घले विश्वको शान्ति, प्रगति र समृद्धिका लागि अथक प्रयास गर्दै आएको कुरा नेपालले सदैव स्वीकार गरेको बताउनुभयो । "संयुक्त राष्ट्रसङ्घअन्तर्गत रही विश्व शान्ति स्थापना गर्ने कार्यमा नेपाल सहभागी भएको ६५ वर्ष पूरा भएको छ। हामी माथिको यो विश्वासका लागि हामी राष्ट्रसङ्घलाई धन्यवाद दिन चाहन्छौँ", उहाँले भननुभयो।

हाल नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा सेना पठाउने मुलुकमध्ये शीर्ष दोस्रो स्थानमा छ। उपप्रधानमन्त्री खड्काले राष्ट्रसङ्घको आह्वानमा शान्ति कार्यमा दस हजारसम्म तालिम प्राप्त शान्ति सेनालाई परिचालन गर्न सकिने प्रतिबद्धता रहिआएको उल्लेख गर्नुभयो। राष्ट्रसङ्घका महासचिवको लैङ्गिक समानता रणनीतिअनुरूप नेपालले तोकिएका मापदण्ड पूरा गरी सक्षम महिलालाई शान्ति सेनामा पठाउन हरसम्भव प्रयास गरिरहेको उहाँले जानकारी दिनुभयो। रासस

# चीनको सिमानामा रहेका व्यापारिक नाका नियमित सञ्चालन हुन्छ : प्रधानमन्त्री दाहाल



जोमसोम (मुस्ताङ) । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीनको सिमानामा रहेका व्यापारिक नाका नियमित सञ्चालन हुने बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र) मुस्ताङ शाखाले बुधबार जोमसोममा आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले हालै चीन भ्रमणका क्रममा १४ वटा व्यापारिक नाका नियमित सञ्चालन गर्ने समझदारी भएको जानकारी गराउनुभयो ।"मुस्ताङको कोरलालगायत नाकाको सिमा क्षेत्रका बासिन्दालाई प्रवेशपत्रको आधारमा आवतजावत गर्ने व्यवस्था मिलाउने समझदारी भएको छ," उहाँले भन्नुभयो "कोरला नाकाको नेपालतर्फ भौतिक पूर्वाधार निर्माणमा चीनले सघाउने मेरो भ्रमणका क्रममा सहमति भएको थियो ।"

प्रधानमन्त्री दाहालले कार्यक्रम अघि हेलिकप्टरबाट कोरला नाका, लोमान्थाङ, मुक्तिनाथ र गत साउनको बाढीले क्षति पुगेको कागबेनी निरीक्षण गर्नुभयो। कोरला नाका जोड्ने कालीगण्डकी कोरिडोर सडक स्तरोन्नतिलाई पूर्णता दिन सरकारले प्राथमिकता दिएको पनि उहाँले बताउनुभयो । नेपालको प्रमुख चुनौतीका रूपमा रहेको भ्रष्टाचारविरुद्ध सरकारले थालेको शुसासनको अभियान नरोकिने पनि प्रधानमन्त्री दाहालले बताउनुभयो। गठबन्धनले पाँचै वर्ष सरकार चलाउने बताउँदै उहाँले सत्ता बाहिर रहँदा केही नेताहरुलाई छटपटी भएकोसमेत टिप्पणी गर्नुभयो ।

कार्यक्रममा उक्त पार्टीका गण्डकी प्रदेश इन्चार्ज देवेन्द्र पौडेल, प्रदेश अध्यक्ष गायत्री गुरुङले तीन महिने जनतासँग अभियानले माओवादीलाई जनतामा फर्काएको र जनताको समस्या समाधानसँगै सङ्गठन निर्माणमा उत्साह छाएको बताउनुभयो । कार्यकर्ता भेलाअघि प्रधानमन्त्री प्रचण्ड राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले आजै जोमसोममा आयोजना गरेको 'सरोकारवालासँग जलवायु संवाद' कार्यक्रममा पनि सहभागी हुनुभयो । प्रधानमन्त्री दाहाल समक्ष स्थानीयवासीले कालीगण्डकी नदीको कटान, उपल्लो मुस्ताङको पाँचवटा गाउँलाई अर्धनिषेधित क्षेत्रबाट हटाउन र जग्गासम्बन्धी समस्या समाधान गर्न माग गरेका थिए ।

## अन्तर्राष्ट्रिय चुनौती बन्दै जलवायु परिवर्तन : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तन अन्तर्राष्ट्रिय चुनौती बनेको बताउनुभएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाद्वारा बुधबार मुस्ताङको जोमसोममा आयोजित जलवायु संवाद कार्यक्रममा उहाँले दक्षिण एसियाको हिमालय पर्वत शृृङ्खला वरिपरि देखा परिरहेको जलवायु परिर्वतको असर विशिष्ट र गम्भीर खालको रहेको उल्लेख गर्नुभयो ।

"जलवायु परिवर्तन हाम्रो राष्ट्रिय समस्या र चुनौती त हुँदै हो, सँगै यो अन्तर र्राष्ट्रिय चुनौती पनि हो, विश्वकै समस्या हो", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा अन्तर र्राष्ट्रियजगत्ले पर्याप्त लगानी र पहल नलिने हो भने विश्वले गम्भीर मानवीय र प्राकृतिक विपद्को सामना गर्नुपर्ने स्थिति आउँछ ।"

*प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको हालै सम्पन्न महासभालगायत अन्तर्राष्ट्रिय मञ्चहरुमा जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको क्षति र सम्भावित जोखिमबारे गम्भीरताका साथ विषय उठाइएको बताउनुभयो। "नेपालले झेलिरहेको जलवायु परिवर्तनको समस्याबारे विश्व समुदायको ध्यानाकर्षण भएको छ", उहाँले भन्नुभयो, "आउँदो महिना हुने २८औँ विश्व जलवायु सम्मेलनमा पनि म आफैँ नेपालको प्रतिनिधित्व गरेर जाँदैछु, त्यहाँ पनि गम्भीरताका साथ यो विषय राख्नेछु।*

प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको हालै सम्पन्न महासभालगायत अन्तर्राष्ट्रिय मञ्चहरुमा जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको क्षति र सम्भावित जोखिमबारे गम्भीरताका साथ विषय उठाइएको बताउनुभयो । "नेपालले झेलिरहेको जलवायु परिवर्तनको समस्याबारे विश्व समुदायको ध्यानाकर्षण भएको छ", उहाँले भन्नुभयो, "आउँदो महिना हुने २८औँ विश्व जलवायु सम्मेलनमा पनि म आफैँ नेपालको प्रतिनिधित्व गरेर जाँदैछु, त्यहाँ पनि गम्भीरताका साथ यो विषय राख्नेछु ।"

प्रधानमन्त्री दाहालले नेपालमा जलवायु परिवर्तनबाट पुगेको असर र जोखिमबारे बुझ्न छिट्टै संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमण हुन लागेको जानकारी पनि दिनुभयो । उहाँले पछिल्लो समय मुस्ताङलगायत हिमाली क्षेत्रमा जलवायु परिवर्तनबाट पुगेको क्षति र जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग भित्र्याउन पहल गर्ने बताउनुभयो । उहाँले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने विदेशी दातृ निकायबाट प्राप्त हुने रु ५० करोड मुस्ताङमा खर्च गरिने जानकारी पनि दिनुभयो।

"गत साउन २८ गतेको बाढीबाट क्षतिग्रस्त बनेको कागबेनी क्षेत्रको पुनः निर्माणमा पनि विदेशी सहयोग जुटाउन सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनबाट मुस्ताङको जनजीवन, कृषि, उत्पादन, पर्यटन र समग्र व्यवसायमा पुगेको क्षतिलाई कसरी रोक्न सकिन्छ भन्नेमा नेपाल सरकार गम्भीर ढङ्ग रुपमा लागेको छ ।"

प्रधानमन्त्री दाहालले भौगोलिक विशिष्टता, प्राकृतिक सम्पदा, खनिज, धार्मिक, सांस्कृतिक आदि दृष्टिबाट मुस्ताङ विश्वकै परिचित स्थल रहेको धारणा राख्नुभयो। आज मुस्ताङ आउनुभएका उहाँले आजै बाढीबाट क्षति पुगेको कागबेनी, मुक्तिनाथ, उपल्लो मुस्ताङको लोमान्थाङलगायत क्षेत्रको हवाई अवलोकन गर्नुभएको थियो।

### जलवायु परिवर्तनबाट हुने क्षति न्यूनिकरण गरिदिन मुस्ताङवासीको माग

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष मुस्ताङवासीले जलवायु परिवर्तनको असरबाट हुने क्षति न्यूनीकरणका लागि नयाँ कार्यक्रम सञ्चालन गरिदिन माग गरेका छन्। राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले मुस्ताङको सदरमुकाम जोमसोममा आज आयोजना गरेको जलवायु परिवर्तनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुग्नुभएका प्रधानमन्त्री दाहाल समक्ष स्थानीयवासीले सो माग राखेका हुन् ।

स्थानीय चन्द्रबहादुर थकालीले जलवायु परिवर्तनका कारण मुस्ताङमा मानवीय र भौतिक क्षति बढेकाले न्यूनीकरणका लागि प्रधानमन्त्रीसंग आग्रह गरेको बताउनुभयो । "जलवायु परिवर्तनको असर हाम्रो जिल्लामा सबैभन्दा बढी परेको छ, स्थानीयवासी उहाँले भन्नुभयो, "यहाँको तापक्रम बढ्दै गएको छ । हिमाल बा हिउँ पग्लदै गएको छ । यसका कारण उपल्लो मुस्ताङका मानिस विस्थापित पनि भएका छन् ।"जलवायु परिवर्तनका कारण जिल्लामा उत्पादन हुने स्याउलगायत अन्य बालीमा रोग कीराको समस्या बढिरहेको पनि उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पुस माघमा पर्नुपर्ने हिउँ फागुन चैतमा पानी र हिउँ पर्नाले यहाँको स्याउ खेतीमा असर परेको छ।" उपल्लो मुस्ताङमा घर पालुवा जनावर घट्दै गएको उहाँले बताउनुभयो । मुस्ताङी जनताले झेल्नुपरेको समस्या समाधानका लागि सरकारले ध्यान दिनुपर्ने स्थानीयवासी उहाँको भनाइ थियो ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिन जामगेल गुरुङले जलवायु परिवर्तनको असरका कारण जिल्लामा वर्षासँगै बेमौसमी हिमपात भएकाले पालिकाभित्र क्षति भएको बताउनुभयो । "गतवर्ष असोज १७ देखि लगातार सात दिनसम्म वर्षा हुँदा धेरै क्षति पुगेको थियो," उहाँले भन्नुभयो, "यसवर्ष पनि गत साउन २८ गते कागखोलामा आएको बाढीले कागबेनीमा ठूलो क्षति पुऱ्याएको छ । त्यसैले जलवायु परिवर्तनबाट हुने क्षति न्यूनीकरणका लागि सङ्घीय सरकारले ध्यान दिन जरुरी छ ।" प्रदेशसभा सदस्य विकल शेरचनले वातावरण अनुकूल विकास निर्माणको काम गर्नुपर्ने, इन्धन खपत कम गर्ने, जैविक विविधता संरक्षण गर्नुपर्ने, हरितगृह ग्यास उत्सर्जनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । यसमा तीन तहकै सरकारको सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो। रासस

# पूर्वराजा शाहलाई माधव नेपालको चुनौती: पार्टी खोलेर चुनाव लड्नुस्

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पूर्वराजा ज्ञानेन्द्र शाहलाई पार्टी बनाएर चुनावमा लड्न चुनौती दिएका छन्।



बुधबार भक्तपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफू त्याग, तपस्या र बलिदान गरेको व्यक्ति हो र जनताको साथ छ भन्ने लाग्छ भने पार्टी खोलेर वा पुरानै पार्टीबाट चुनाव लडेर देखाउन चुनौती दिएका हुन् । उनले प्रतिगमनको दिशामा देशलाई लैजान खोज्नै कुनै कार्य स्वीकार्य नहुने बताए। उनले कुनै वंशको शासन नेपालमा नेपाली जनतालाई स्वीकार्य नरहेको भन्दै भक्तपुर र झापाका जनताले यसबारेमा सोच्नुपर्ने बताए। उनले भने, 'विगतमा उनीहरूले कसरी यो मुलुक चलाएका थिए, तिनीहरूका पनि हामीलाई एक/एक कुराहरू सबै थाहा छ। त्यसो हुनाले संविधानलाई मास्न खोज्ने, प्रतिगमनको दिशामा लैजान खोज्ने, पुरानै अवस्थामा यो देशलाई फर्काउन खोज्ने त्यस्ता तत्वप्रति सबै होसियार हुनुपर्छ। कुनै वंशको शासन नेपालमा नेपाली जनतालाई स्वीकार्य छैन। भक्तपुरमा यो आवाज अझै गुञ्जाउनुपर्छ, किनभने भक्तपुरबाट नै संकेत दिन खोजियो। झापाले त्यो आवाज उठाउनुपर्छ, झापाले नि संकेत दिन खोज्यो। अस्ति भएको निर्वाचन आफैंमा जनमत संग्रह हो। जनताले सिधै पार्टीलाई विश्वास गरेका छौं भन्ने देखाए। अरूलाई पनि लाग्छ भने पार्टी बनाउन आऊन्, चुनावमा सामेल होऊन्। असल काम गरेको छु, त्याग तपस्या र बलिदान गरेको छु भन्ने लागेको छ भने आए हुन्छ।'

'दुःख उठाउन कहिले जानेको छैन, सुखमा जन्मियो, हुर्कियो, अनि जनतालाई भ्रममा राख्ने कोसिस सफल हुनेछैन। हामी अहिले देशका समस्या पहिचान गर्ने कुरामा अघि बढेका छौं। यो गठबन्धन ५ वर्षको लागि हामीले बनाएका छौं, यसलाई भत्काउने अनेक कोशिस भइरहेका छन् । ति कुनै कोशिस सफल हुनेवाला छैनन् । यो गठबन्धनको सरकार एकतावद्ध भएर नै अघि बढ्नेछ ।'

अध्यक्ष नेपालले जनताले सक्कली र नक्कली कुराको पहिचान गर्न सक्नुपर्ने बताए। उनले गठबन्धन भत्काउने कोसिस कुनै पनि हालतमा सफल नहुने बताए।

# वातावरणमैत्री विकासको आवश्यकता : वनमन्त्री महतो

जोमसोम । वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोले जलवायु परिवर्तनको असर र क्षति न्यूनीकरण गर्न वातावरणमैत्री विकासको आवश्यकता रहेको बताउनुभएको छ ।




राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले आज जोमसोममा आयोजना गरेको 'सरोकारवालासँग जलवायु संवाद' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अव्यवस्थित विकास निर्माणका कारण विपत्ति सिर्जना भएको बताउनुभयो ।

"अवैज्ञानिक किसिमको निर्माणले प्रकृतिमा असर गरेको छ", उहाँले भन्नुभयो, "भोलि के हुन्छ भन्ने अनुमान र विश्लेषण नगरी विकासका काम गर्ने प्रवृति रोक्नलाई अनुरोध गर्दछु ।" उहाँले मानवीय लापरबाही र गतिविधिका कारण वातावरणमा परेको असर तथा क्षति न्यूनीकरण गर्न विकाससँगै संरक्षणको काम पनि गर्नु आवश्यक देखिएको बताउनुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै भएको चीन भ्रमणका क्रममा मुस्ताङको कोरलालगायत नेपालको सिमानामा रहेका १४ व्यापारिक नाका सञ्चालन र जडीबुटीको निकासी गर्ने सम्बन्धमा समझदारी भएको मन्त्री महतोले बताउनुभयो ।

"चीनसँग भएको समझदारीले नेपालको हिमाली क्षेत्रको जडीबुटीको बजारीकरणमा सहयोग पुग्नेछ", उहाँले भन्नुभयो "जडीबुटी खेतीको विस्तार र प्रवर्द्धनका लागि वन मन्त्रालयले जोड दिएको छ ।"

विश्व समुदायले नेपालको वातावरण संरक्षणको क्षेत्रमा उपलब्ध गराएको रु ५० करोड अनुदान मुस्ताङमा जलवायु परिवर्तनको असर र क्षति न्यूनीकरण तथा अनुकूलनका योजनाका लागि परिचालन गरिने मन्त्री महतोले बताउनुभयो ।

मुस्ताङ, मनाङ, सिन्धुपाल्चोकलगायत जिल्लामा पछिल्लो केही वर्षयता जलवायु परिवर्तनका कारण भएको क्षतिको विषयलाई २८औँ विश्व जलवायु सम्मेलनमा अन्तराष्ट्रियकरण गरिने उहाँले बताउनुभयो ।

"हाम्रा हिमाल हिउँविहीन हुने, हिमताल फुट्ने जोखिम हुने, हिमाल कालापत्थरमा परिणत भएको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्छौं", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको क्षति र असर न्यूनीकरणका लागि तीनै तहका सरकारले अनुकूलनका योजना बनाएर कार्यान्वयन गर्न आवश्यक छ ।" राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव शरदचन्द्र अधिकारीले जलवायु परिवर्तनका कारण जनजीवनमा परेको असरका बारेमा स्थलगत निरिक्षण र नागरिकको गुनासो सुनेर अन्तराष्ट्रिय जलवायु सम्मेलनमा उठाउनका लागि प्रधानमन्त्री प्रचण्डको उपस्थितिमा संवाद कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो ।

छलफलमा सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयहरुले तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण परेको असर तथा समस्याका बारेमा जानकारी गराउनुभएको थियो । गण्डकी प्रदेशसभा सदस्य बिकल शेरचन, जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङ, बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङ, नेकपा (एमाले) मुस्ताङका अध्यक्ष आशबहादुर थकाली, स्थानीय चन्द्रबहादुर थकालीले तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण मुस्ताङको सबै क्षेत्र प्रभावित भएको बताउनुभयो ।रासस

# ऊर्जामन्त्री बस्नेत थाइल्याण्ड प्रस्थान

काठमाण्डु । 'तेस्रो एशिया-प्यासिफिक इनर्जी फोरम'मा भाग लिन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत बुधबार थाइल्याण्डको राजधानी बैंकक प्रस्थान गर्नुभएको छ । फोरम यही अक्टोबर १९ र २० मा आयोजना हुँदैछ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देललगायत उच्च अधिकारीले उहाँलाई बिदाइ गर्नुभएको थियो । दिगो विकासका लक्ष्य प्राप्तिमा ऊर्जा क्षेत्रले पुऱ्याएको योगदान, नेपालले अवलम्बन गरेको नीति, कार्यक्रम र लक्ष्य तथा त्यसबाट प्राप्त प्रगतिलगायत विषयमा मन्त्री बस्नेतले सो कार्यक्रममा विशेष सम्बोधन गर्नुहुने कार्यक्रम छ ।

यस्तै जलवायु परिवर्तनमा नेपालको भूमिका कम भए पनि असर भने बढी परेको सन्दर्भमा निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा छलफल महत्वपूर्ण हुनेछ । कार्बन उत्सर्जन र न्यूनीकरणका लागि गरिएको प्रयासका बारेमा समेत उक्त कार्यक्रममा विचार विमर्श हुने बताइएको छ ।रासस

# जनताबाट अलग भएर रुपान्तरणका काम गर्न सकिँदैन : उपाध्यक्ष भुसाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष तथा पूर्वमन्त्री पम्फा भुसालले जनताबाट अलग भएर रुपान्तरणका काम गर्न नसकिने बताउनुभएको छ ।



सो पार्टीको ललितपुर महानगर कमिटीले विजया दशमी, नेपाल संवत्, शुभ दीपालवी तथा छठ पर्वका अवसरमा आयोजना गरेको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले समाज विकासको क्रमसँगै मानिसमा विकास भएको चेतनाका आधारमा विभिन्न सांस्कृतिक परम्परा सिर्जना भएको बताउनुभयो । उहाँले समाजको अगुवामा समयसापेक्ष रूपमा जनताको चाहानाअनुसार नेतृत्व गर्ने चिन्तन, व्यवहार र रुपान्तरण आवश्यक रहेकामा जोड दिनुभयो ।

"समाजलाई साथमा लिएर अगुवाइ गर्दै परिवर्तनको काम गर्नुपर्ने आवश्यकता छ, हामीले प्राप्त उपलब्धि, सामना गरेका चुनौतीहरूलाई आत्मसान गर्दै रुपान्तरणका लागि सुझाव ल्याउनुपर्ने छ, यसका लागि जनताबाट अलग भएर रुपान्तरणका काम गर्न सकिँदैन, पार्टीको रुपान्तरणका लागि हामीले अभियानलाई परिमार्जन गरेर जानुपर्ने हुन्छ, हामी पहिला आफू रुपान्तरण हुने र अनि पार्टीलाई रुपान्तरण गर्ने यात्रामा लागेका छौँ", उपाध्यक्ष भुसालले भन्नुभयो ।

उहाँले नियमित रूपमा समितिका बैठक बसेर समस्याको पहिचान गर्दै इतिहासको विर ासतलाई वर्तमानसँग जोडेर भविष्यको निर्माण गर्ने गरी नयाँ पार्टी निर्माण गर्न निरन्तरता र गुणात्मकता कायम गर्ने गरी रुपान्तरणको अभियानमा लाग्न आग्रह गर्नुभयो । माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा राष्ट्रियसभा सदस्य रामनारायण विडारीले विजया दशमी, नेपाल संवत्, शुभ दीपालवी तथा छठ पर्व एउटा जात वा वर्ग विशेषको मात्रै चाड पर्व नभएको धारणा राख्नुभयो । "यी पर्वहरू एउटा जात वा वर्ग विशेषको मात्रै चाड पर्व हैन, सबैको हो, तसर्थ यी पर्वहरूलाई किसान, श्रमिकको सम्मान गर्ने, कामको सम्मान गर्ने पर्वका रूपमा हामीले विकास गर्नुपर्छ, हिजो बेठीक भएका कुराहरूलाई भत्काउने, ठीक भएकालाई बनाउने काम यो चाडले दिनेछ", उहाँले भन्नुभयो ।रासस

# गाजामा भएको घातक हमलाप्रति आक्रोश र निन्दा व्यक्त

**एएफपी**

पेरिस । गाजाको एक अस्पतालमा भएको हमलामा कम्तीमा दुई सय जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । उक्त हमलाप्रति विश्वभर आक्रोश र निन्दा व्यक्त गरिएको छ भने अम्मान, ट्युनिस, बेरुत र तेहरानमा विरोध प्रदर्शनसमेत भएको छ। उक्त क्षेत्रमा शासन गर्दै आएको प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलले उक्त हमला गरेको आरोप लगाएको छ । इजराइली सेनाले हमासको आरोपलाई 'झुट' भन्दै हमासको सहयोगी इस्लामिक जिहादले गलत रकेट आक्रमण गरेको आरोप लगाएको छ ।

**उक्त हमलाप्रति यहाँ केही प्रमुख प्रतिक्रिया छन् :**

### संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेर्रेसले गाजाको अस्पतालमा सयौँ प्यालेस्टिनी नागरिक मारिने गरी भएको हमलाबाट आफू भयभीत भएको बताउनुभयो । उहाँले हमलाप्रति कसैलाई आक्षेप नलगाई हमलाको कडा भर्त्सना गर्नुभयो ।

### अमेरिका

अमेरिकी राष्ट्रपति जो बाइडेनले विस्फोटबाट आफू आक्रोशित र अत्यन्त दुःखी भएको भन्दै विस्फोटबाट जीवनको भयानक क्षति भएको बताउनुभयो । उहाँले उक्त खबर सुन्नेबित्तिकै आफूले तुरुन्तै इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग कुराकानी गरेको जानकारी दिनुभयो ।

### इजिप्ट

राष्ट्रपति अब्देल फताह अल-सिसीले अहली अस्पतालमा इजराइली बमबारीको कडा शब्दमा भर्त्सना गर्नुभयो । उक्त हमलाबाट गाजामा प्यालेस्टिनी नागरिकमध्ये सयौँ निर्दोषको मृत्यु भएको उहाँले बताउनुभयो ।

उहाँले नियोजितरूपमा भएको बमबारीलाई अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घन हो भन्नुभयो ।

### साउदी अरेबिया

क्षेत्रीय शक्ति साउदी अरेबियाले नागरिकहरूमाथि इजराइलको निरन्तर हमलाको निन्दा गरेको छ । उसले अस्पतालमा भएको हमलालाई सबै अन्तर्राष्ट्रिय कानून र मान्यताहरूको स्पष्ट उल्लङ्घन हो भनेको छ ।

### जोर्डन

जोर्डनको विदेश मन्त्रालयको एक विज्ञप्तिमा इजराइलले उक्त हमलाको जिम्मेवारी लिनुपर्ने भन्दै हमलाको कडा निन्दा गरेको छ । त्यसपछि अम्मानले मध्यपूर्वमा शान्ति स्थापना गर्ने अमेरिकी राष्ट्रपति बाइडेन सहभागी हुने एक शिखर सम्मेलन रद्द गर्ने घोषणा गर्यो र त्यसको जवाफमा बाइडेनले अम्मानको भ्रमण स्थगित गर्नुभयो । अम्मानस्थित इजराइली दूतावासमा दर्जनौँ प्रदर्शनकारीले हमला गर्ने असफल प्रयास गरेका थिए ।

### युरोपेली युनियन

युरोपेली युनियनको विदेशमामिला प्रमुख जोसेप बोरेलले खेद प्रकट गर्दै एकपटक पुनः निर्दोष नागरिकले उच्च मूल्य चुकाउनुपरेको बताउनुभयो । "यो अपराधको जिम्मेबारी स्पष्टरूपमा स्थापित गर्नुपछ र अपराधीहरूलाई जवाफदेही बनाउनुपर्छ", उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।

### इरान

इरानका राष्ट्रपति इब्राहिम रइसीले बुधबार सार्वजनिक शोक दिवस घोषणा गर्नुभयो । उहाँले अस्पतालमा भएको हमलाको बदला इजराइल र उसको सहयोगी अमेरिकाविरुद्ध हुने बताउनुभयो ।

"गाजाका अस्पतालमा घाइते प्यालेस्टिनी पीडितहरूमाथि आज साँझ खसाइएको अमेरिकी-इजराइली बमहरूको ज्वालामा चाँडै नै यहुदीहरू जल्नेछन्", राष्ट्रपति रइसीको भनाइ उद्धृत गर्दै इर्ना समाचार समितिले भनेको छ । राति नै तेहरानस्थित बेलायती र फ्रान्सेली दूतावासबाहिर सयौँ प्रदर्शनकारी जम्मा भएका थिए । आफ्नो आक्रोश पोख्न मध्य तेहरानको प्यालेस्टाइन स्क्वायरमा हजारौँ जनता भेला भएका थिए ।

### इराक

इराकका प्रधानमन्त्री मोहम्मद सिया अल-सुडानीले एक विज्ञप्तिमा 'आक्रामण' अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट 'तत्काल समाधान' का लागि आह्वान गर्नुभयो । इराकी सरकारले हमलाका पीडितहरूका लागि तीन दिनको शोकको घोषणा गरेको छ ।

### टर्कीए

टर्कीएका राष्ट्रपति रेसेप तयूयप एर्दोगानले घटनाप्रति खेद व्यक्त गर्दै सबैभन्दा आधारभूत मानवीय मूल्यहीन इजराइली आक्रमणको पछिल्लो उदाहरण हो भन्नुभयो । सामाजिक सञ्जाल एक्समा उहाँले लेख्नुभएको छ, "गाजामा यो नृशंस कार्यलाई रोक्न म सबै मानवतालाई आमन्त्रित गर्दछु ।"

### फ्रान्स

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनले अस्पतालमा घातक हमला गरेर कुनै पनि कुराले सर्वसाधारणलाई निशाना बनाउनुको औचित्य स्थापित गर्न नसक्ने बताउनुभयो । "गाजापट्टीमा मानवीय पहुँच खोल्न ढिलो गर्न हुन्न", उहाँले भन्नुभयो ।

### हेजबोल्लाह

इरान समर्थित लेबनानको हेजबोल्लाह मुभमेन्टले मङ्गलबार गाजापट्टीको अस्पतालमा भएको हमलाको निन्दा गर्न 'क्रोध दिवस'का रूपमा आह्वान गरेको छ । उसले उक्त हमलालाई 'नरसंहार' भन्दै हमलाका लागि इजराइललाई दोषी ठहर गरेको छ ।

"बुधबार शत्रुका विरुद्ध क्रोध दिवस हो", हमासको सहयोगी हेजबोल्लाहले विज्ञप्तिमा भनेको छ, । उसले हमलालाई नरसंहार र क्रुर अपराधको संज्ञा दिएको छ । बेरुतको उपनगर अवकरस्थित अमेरिकी दूतावासबाहिर सयौँ प्रदर्शनकारी र लेबनानी सुरक्षा फौजबीच झडप भएपछि हेजबोल्लाहको उक्त भनाइ आएको हो । प्रदर्शनकारीहरूले 'इजराइल मूर्दाबाद' र 'अमेरिका मूर्दाबाद' भन्ने नारा लगाएका थिए ।

### अरब लिग

अरब लिगका प्रमुख अहमद अबुल गेटले पश्चिमा मुलुकहरूले यो त्रासदीलाई तुरुन्तै रोक्नुपर्ने बताउनुभयो । "हाम्रो अरब संयन्त्रले युद्ध अपराधको दस्तावेजीकरण गर्छ र तिनीहरूका अपराधी न्यायबाट उम्किन सक्तैनन्", उहाँले चेतावनी दिँदै भन्नुभयो ।

### अफ्रिकी युनियन

अफ्रिकी युयिननका प्रमुख मुसा फाकी महामतले घातक हमलापछि इजराइलमाथि 'युद्ध अपराध' को आरोप लगाउनुभयो । "सयौँ मानिस मारिने गरी आज गाजाको अस्पतालमा भएको इजराइली बम हमलाप्रति खेद प्रकट गर्न हामीसँग पूरारूपमा शब्द नै छैन", इजराइलमाथि अन्तर्राष्ट्रिय कारबाहीको माग गर्दै उहाँले भन्नुभयो ।

### कतार

कतारको विदेश मन्त्रालयले हमलालाई 'क्रुर नरसंहार' र "रक्षाहीन सर्वसाधारणविरुद्ध जघन्य अपराध" भनेको छ । एक विज्ञप्तिमा कतारले अहली अरब अस्पतालमा भएको हमलालाई "अन्तर ाष्ट्रिय कानूनका प्रावधानहरूको गम्भीर उल्लङ्घन" र "भिडन्तका क्रममा भयानक वृद्धि" भनेको छ ।

### ट्युनिसिया

मङ्गलबार ट्युनिसियाको राजधानीस्थित फ्रान्सेली दूतावासबाहिर सयौँ क्रुद्ध प्रदर्शनकारी भेला भएका थिए । उनीहरूले अस्पतालमा भएको हमलाप्रति अमेरिकाको निन्दा पनि गरेका थिए । 'फ्रान्सेली र अमेरिकीहरू यहुदीका सहयोगी हुन्' भन्दै प्रदर्शनकारीले नारा लगाएको थिए । प्रदर्शनकारीहरूले दुवै देशका राजदूतहरूलाई फिर्ता गर्न माग गर्दै ट्युनिसियाली भूमिमा अमेरिकी दूतावास हुनुहुन्न भन्ने नारा लगाएका थिए ।

### विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले घातक हमलाप्रति खेद प्रकट गर्दै गाजापट्टीमा नागरिक र स्वास्थ्य सेवाको तत्काल सुरक्षाको माग गरेको छ । "अल अहली अरब अस्पतालमा भएको आक्रमणको डब्लुएचओले कडा भर्त्सना गर्दछ", डब्लुएचओले एक विज्ञप्तिमा भनेको छ, "अस्पताल चलिरहेको थियो, त्यहाँ बिरामी, बिरामीका हेरालु र आन्तरिकरूपमा विस्थापित मानिसहरूले आश्रय लिइरहेका थिए, प्रारम्भिक रिपोर्टले सयौँको मृत्यु भएको र घाइते भएको सङ्केत गर्दछ ।"

### आइसीआरसी

इन्टरनेसनल कमिटी अफ दि रेड क्रस (आइसीआरसी) ले पनि 'अस्पतालहरू मानव जीवन बचाउनका लागि आश्रयस्थल हुनुपर्छ, मृत्यु र विनाशको दृश्य होइन' भन्दै हमलाप्रति निन्दा गरेको छ ।

### एमएसएफ

मेडिकल च्यारिटी डक्टर्स विदआउट बोर्डर्स (एमएसएफ) ले अस्पतालमा भएको हमलाप्रति खेद व्यक्त गरेको छ । "गाजा सहरस्थित अहली अरब अस्पतालमा भएको हालैको बमबारीबाट हामी भयभीत छौँ, अस्पतालका चिकित्सकहरूले बिरामीहरूको उपचार गरिरहेका थिए र विस्थापित गाजावासीलाई आतिथ्यता प्रदान गरिरहेका थिए", एमएसएफले भनेको छ ।

# टी-२० सिरिजमा युएईमाथि नेपालको सहज जित



**टुडे समाचारदाता**

काठमाण्डु । त्रिदेशीय टी-२० सिरिजमा नेपालले विजयी सुरूवात गरेको छ। बुधबार मुलपानी मैदानमा नेपालले युएईमाथि ७ विकेटको जित हात पारेको हो। युएईले दिएको १४१ रनको लक्ष्य नेपालले १८.५ ओभरमा पूरा गऱ्यो।

नेपालको जितमा कप्तान रोहितकुमार पौडेलले नटआउट ५१ रन र दीपेन्द्रसिंह ऐरीले नटआउट ३४ रन बनाए। रोहितले ४० बलमा ५ चौका र दीपेन्द्रले २३ बलमा ३ चौका र १ छक्का हिर्काए।

नेपालका ओपनर कुशल भुर्तेल १४ रनमा आउट भएका थिए। अर्का ओपनर आसिफ शेखले २३ रनको योगदान दिँदा कुशल मल्ल ११ रन जोडेर आउट भए। त्यसअघि नेपालले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको युएईले २० ओभरमा ७ विकेटको क्षतिमा १४० रन जोड्यो।

युएईका लागि बासिल हमीदले अर्धशतक प्रहार गरे। उनले ५१ रन जोडे। अभिनास बोहराको बलमा आउट हुनुअघि उनले ३८ बलमा १ चौका र ४ छक्का प्रहार गरे। त्यसअघि युएईका ओपनर खालिद शाहलाई सोमपाल कामीले पहिलो ओभरमै शून्यमा रोहित पौडेलबाट क्याच गराए।

चौथो ओभरमा करण केसीको बलमा अलिसान शाराफु ६ रनमा कुशल भुर्तेलबाट सामातिए। त्यसपछि गुल्सन झाले दुई विकेट लिन सफल भए। उनले युएईका कप्तान मोहमद वासीमालाई १७ रनमा र असिफ खानलाई १५ रनमा आउट गरेका थिए।

करणले युएईका लागि ३२ रन बनाएर खेलिरहेका अली नासीरलाई १७ ओभरको पहिलो बलमा पाँचौ विकेटको रुपमा आउट गरे। बलिङमा नेपालका करण केसीले ३ विकेट लिए। उनले ४ ओभरमा १९ रन खर्चिए। यस्तै गुल्सन झाले २ विकेट लिए। उनले ३ ओभरमा ११ रन खर्चिए। अभिनास र सोमपाल कामीले १-१ विकेट लिन सफल भए। सिरिजमा नेपालले भोलि हङकङसँग खेल्नेछ।

# सुडान लडाइँमा चार हजार मारिएको राष्ट्रसंघको स्पष्टोक्ति

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । सुडानमा युद्ध सुरु भएको छ महिनामा झन्डै चार हजार मानिस मारिएको तथा हजारौँ घाइते भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

सुडानमा जारी मानवीयता विरोधी गतिविधि तथा लडाइँका कारण लाखौँ मानिस छिमेकी राष्ट्र दक्षिण सुडान र चाडमा गएको राष्ट्रसङ्घका मानव अधिकारवादीहरूले बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सी (युएनएचसीआर) को रिपोर्टअनुसार अप्रिलदेखि अगष्ट महिनासम्मको अवधिमा अधिकांश हताहतीका घटनाहरू पश्चिम डार्फरमा त्यहाँको जातीयताका कारण लक्षित भएको राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसका मुख्य प्रवक्ता स्टेफन डुजारिकले बताउनुभयो । उहाँका अनुसार डार्फरमा २९ वटा सहर, नगर र गाउँमा लुटपाट गरिएको र ती क्षेत्रलाई ध्वस्त पारिएको छ ।

"युएनएचसीआर र साझेदारहरूले उत्तर र पश्चिम डार्फरका विस्तथापित परिवारलाई राहत सामाग्रीहरू उपलब्ध गराए", डुजारिकले भन्नुभयो, "हामी शरणार्थीसहित सर्वसाधारण र आन्तरिकरूपमा विस्थापितहरूलाई मानवीय सहयोग उपलब्ध गराउन मार्ग प्रशस्त गर्न अनुरोध गर्दछौँ ।"

सुरुमा राजधानी खार्तुममा सुडानी सशस्त्र बल र सहयोगी फोर्सबीच लडाइँ सुरु भएसँगै देशभर फैलिएको थियो । हिंसाले हजारौँ नागरिकलाई सुडान र छिमेकी मुलुकहरूमा सुरक्षित स्थानमा भाग्न बाध्य पारेको थियो ।

संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए) ले दक्षिण सुडानामा हजारौँ सर्वसाधारण आउने क्रम जारी रहेको बताएको छ । शुक्रबारसम्म तीन लाख १० हजार मानिस सीमा पार गरेर दक्षिण सुडान प्रवेश गरेका थिए र तीमध्ये अधिकांश दक्षिण सुडानी शरणार्थीहरू थिए ।

दक्षिणी सुडानमा मानवीय संयोजक मारी-हेलेन भर्नीले साताहरू बित्दै जाँदा मानिसहरू कम स्रोत र कमजोर स्वास्थ्यसहित आइरहेको बताउनुभयो । सुडानमा अवस्था अझ खराब हुँदा आउने मानिसमा कुपोषणको स्थिति पनि बढिरहेको छ ।

आप्रवासनका लागि अन्तर ाष्ट्रिय सङ्गठन र यसका साझेदार हरूले एक लाख ५० मानिसलाई उनीहरूको अन्तिम गन्तव्यमा पुग्न मद्दत गरेका छन् । सुडानबाट आएका हजारौँ बालबालिकाको जीवन बचाउन पोषणयुक्त सामग्री उपलब्ध गराउन आवश्यक रहेको मानवअधिकारवादीहरूले बताएका छन् ।

# भारतको मानवयुक्त चन्द्र मिसन योजना

**एएफपी**

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०४० सम्ममा चन्द्रमामा मानिस पठाउने र एक अन्तरिक्ष स्टेसन स्थापना गर्ने भारतको योजना रहेको बताउनुभएको छ ।

भारतले आफ्नो अन्तरिक्ष कार्यक्रमलाई अगाडि बढाइरहेको छ । विश्वको सबैभन्दा ठूलो जनस॰्या रहेको भारत आफ्नो पहिलो चालकसहितको अन्तरिक्ष मिसनका लागि शनिबार एउटा महत्वपूर्ण परीक्षण उडानका लागि तयार भएको बेला प्रधानमन्त्री मोदीको उक्त घोषणा आएको हो । उहाँले अन्तरिक्ष एजेन्सीका अधिकारीहरूसँग भारतीय अन्तरिक्ष पहलको सफलतालाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

"सन् २०३५ सम्ममा 'भारतीय अन्तरिक्ष स्टेसन' र सन् २०४० सम्ममा चन्द्रमामा पहिलो भारतीय पठाउनेसहित मुलुकले अब नयाँ र महत्वाकांक्षी लक्ष्य बनाउनु पर्छ", मङ्गलबार अबेर उहाँले एक वक्तव्यमा भन्नुभयो । प्रधानमन्त्री मोदीले चन्द्रमामा 'मिसनहरूको शृ॰ ला' का लागि योजनाहरूको विकास गर्न अधिकारीहरूलाई आग्रह गर्नुभयो ।

भारतले कम बजेटमा अन्तरिक्ष कार्यक्रम सञ्चालन गरेको छ । भारत गत अगस्टमा चन्द्रमाको अज्ञात दक्षिणी ध्रुवमा ठूलो स्तरमा आफ्नो यान अवतरण गराउने विश्वको पहिलो देश बनेको थियो । साथै उसले सूर्यको सबैभन्दा बाहिरी भागको निरीक्षण गर्नका लागि एउटा अन्तरिक्ष यान सफलतापूर्वक प्रक्षेपण गरेको छ ।

# दक्षिण अमेरिका छनोटमा मेसीको कीर्तिमान, ब्राजिल हारेको खेलमा नेइमार घाइते

**टुडे समाचारदाता**

काठमाण्डु । फिफा विश्वकप २०२६ अन्तर्गत अर्जेन्टिनाले जित निकालेको छ। बुधबार विहान सकिएको खेलमा अर्जेन्टिनाले पेरुलाई २-० गोलले हरायो। अर्जेन्टिनाका लागि दुवै गोल लिओनल मेसीले गरे। उनले खेलको ३२ र ४२ मिनेटमा गोल गरेका थिए।



यससँगै उनी विश्वकपको दक्षिण अमेरिका छनोटमा सर्वाधिक गोलकर्ता (३१ गोल) भए। उनले उरुग्वेका लुइस सुआरेज (२९ गोल) लाई पछि पारे। यता ब्राजिल भने पराजित भएको छ। ब्राजिललाई उरुग्वेले २-० गोलले हरायो। खेलमा ब्राजिलका फरवार्ड नेइमार पहिलो हाफमा घाइते हुँदै मैदान छाड्न बाध्य भए। उनको घुँडामा चोट लागेको थियो।

यो सिजन साउदी क्लबमा आबद्ध भएका नेइमारको चोट गम्भीर नभएको विश्वास ब्राजिलका कप्तान कासिमेरोले गरेका छन्। उरुग्वेका लागि नुनेजले ४२ र डेला क्रुजले ७२ मिनेटमा गोल गरे। ब्राजिलमाथि उरुग्वेले २००१ पछि जित हात पारेको हो। छनोटका अन्य खेलमा भेनेजुएलाले चिलीलाई ३-० र पाराग्वेले बोलिभियालाई १-० गोलले हराएका छन्। इक्वेडर र कोलम्बियाले गोलरहित बराबरी खेले। अंक तालिकामा अर्जेन्टिना १२ अंकसहित शीर्ष स्थानमा छ। दोस्रो स्थानको उरुग्वे, तेस्रो स्थानको ब्राजिल र चौथो स्थानको भेनेजुएलाको ७-७ अंक छ।

# नेपाली सेनाका गजेन्द्र राईले जिते लिगलिगे दौड



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली सेनाका गजेन्द्र राईले यसपालिको लिगलिगे दौड जितेका छन्। गोरखाको पालुङटार नगरपालिका वडा नम्बर ५ चेपे घाटबाट लिगलिगकोटसम्म १३.८ किमी दौड उनले ५६ मिनेट ३६ सेकेन्डमा पार गरेका हुन्।

दौडिएर राजा हुने इतिहासलाई निरन्तरता दिँदै बुधबार ११ औं संस्करणको लिगलिगे दौड भएको थियो। सेनाका राई पहिलो भएर एक लाख रुपैयाँ पुरस्कार जितेका छन्। सेनाका नरेन्द्रसिं रावत लिगलिगे दौडमा दोस्रो भएका छन्। उनले ५६ मिनेट ५३ सेकेन्डमा दौड पूरा गरेका थिए। उनले ५० हजार रुपैयाँ पुरस्कार जितेका छन्।

अनिश थापाले ५८ मिनेट ३५ सेकेन्डमा दौड पूरा गरी तेस्रो भएको आयोजकले जनाएको छ। उनले २५ हजार रुपैयाँ पुरस्कार जितेका हुन्।

# जापानमा विद्यार्थी बोकोको बससँग ट्रक ठोक्किँदा १८ घाइते

**सिन्ह्वा**

टोकियो । पश्चिम जापानमा विद्यार्थी बोकेको बससँग ट्रक ठोक्किँदा १८ जना घाइते भएका छन् ।

जापानको नारा प्रिफेक्चरमा बुधबार प्राथमिक तहका विद्यार्थी बोकेको बस र ट्रक ठोक्किँदा बालबालिका सामान्य घाइते भएका स्थानीय अधिकारीले बताएका छन् ।

प्रहरीका अनुसार ३४ जना बालबालिका बाकेको बस काशिहराको राष्ट्रिय राजमार्ग चोकमा स्थानीय सम अनुसार बिहान ८:५५मा ठोक्किएको थियो ।

तिनीहरूमध्ये १८ जनालाई शारीरिक पीडा भए पनि सामान्य चोटपटक भएकाले ज्यान जोखिममा नरहेको स्थानीय दमकल विभागले जनाएको छ । बसमा भएका शिक्षक, चालक तथा सहचालक स्वस्थ रहेको बताइएको छ ।

दुर्घटनाको अनुसन्धान भइरहेको काशिहरा प्रहरी चौकीले बताएको छ ।

# बीआरआई फन्डिङमा एक सय अर्ब डलरभन्दा बढीको घोषणा

**एएफपी**

बेइजिङ । चीनले आफ्नो बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मा एक सय अर्ब अमेरिकी डलरभन्दा बढी नयाँ लगानी गर्ने भएको छ। बीआरआईको १०औँ वार्षिकोत्सवका अवसरमा आयोजित शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सि जिनपिङले उक्त घोषणा गर्नुभएको हो ।

बीआरआई विदेशमा चीनको प्रभाव विस्तार गर्ने राष्ट्रपति सिको केन्द्रीय स्तम्भ हो जसमा बेइजिङले विश्वभर २० खर्ब अमेरिकी डलरभन्दा बढीको सम्झौता गरेको बताएको छ । ग्लोबल साउथमा संसाधन र आर्थिक विकास ल्याउनका लागि समर्थकहरूले यसको सराहना गरेका छन् ।

तर गरिब मुलुकहरूमा यसले ऋणको भारी बोकाउने भन्दै यसको आलोचना पनि हुँदै आएको छ । बीआरआईको प्रमुख ऋणदाता चाइना डेभलपमेन्ट बैंक र एक्स्पोर्ट-इम्पोर्ट बैंकले अतिरिक्त एक सय अर्ब डलर ऋण प्रस्ताव गर्ने राष्ट्रपति सिले बुधबार घोषणा गर्नुभयो ।

उहाँले दुवै बैंकले बीआरआई परियोजनाहरूका लागि तीन खर्ब ५० अर्ब युआन (४७ अर्ब ९० करोड अमेरिकी डलर) को वित्तीय अवसर स्थापित गर्ने बताउनुभयो । उहाँका अनुसार परियोजनाको आधिकारिक ऋण संस्था सिल्क रोड फन्डमा अर्को ८० अर्ब युआन लगानी गरिने छ ।

सन् २०१३ मा बीआरआई सुरु भएयता बेइजिङले आयोजना गरेको आफ्नो किसिमको यो तेस्रो ठूलो शिखर सम्मेलन हो । सम्मेलनमा एक सय ३० मुलुकका प्रतिनिधि सहभागी भएका थिए ।




राष्ट्रिय बाणिज्य बैंकमा बुधबार दसैंका लागि नयाँ नोट साट्न लाइन बसेका सर्वसाधारण। *तस्बिरः रासस*

# पहिलो त्रैमासमा राजस्व सङ्कलन १५ र बजेट खर्च १६ प्रतिशत

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासमा सरकारको राजस्व सङ्कलन र बजेट खर्च दुवैको अवस्था न्यून देखिएको छ। महालेखा नियन्त्रक कार्यालयकाअनुसार असोज मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको १५ दशमलव ९३ प्रतिशत राजस्व सङ्कलन गरेको छ भने १६ दशमलव ०२ प्रतिशत बजेट खर्च गरेको छ।

चालु आवका लागि सरकारले रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। पहिलो त्रैमासिक अवधिमा रू दुई खर्ब ८० अर्ब ५७ करोड २५ लाख बराबर बजेट खर्च भएको छ । जुन खर्च वार्षिक विनियोजनको १६ दशमलव दुई प्रतिशत बराबर हो। यो अवधिमा सरकारले चालुतर्फ १८ दशमलव ६९, पुँजीगततर्फ पाँच दशमलव नौ र वित्तीय व्यवस्थातर्फ १६ दशमलव ०५ प्रतिशत बजेट खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयको तथ्याङ्कबाट देखिन्छ। चालु शीर्षकमा रू ११ खर्ब ४१ अर्ब ७८ करोड बराबरको वार्षिक बजेट रहेकोमा असोज मसान्तसम्ममा रू दुई खर्ब १३ अर्ब ३९ करोड बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब दुई अर्ब सात करोड बराबरको वार्षिक बजेट रहेकामा हालसम्म रू १७ अर्ब ८३ करोड ३१ लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट छुट्‍याइएकामा पहिलो त्रैमास अवधिमा रू ४९ अर्ब ३४ लाख ९० हजार बराबर खर्च भएको छ।

हालसम्मको सरकारी राजस्व सङ्कलन हेर्दा रू दुई खर्ब ३४ अर्ब ६३ करोड २४ लाख बराबर रहेको छ । जुन वार्षिक लक्ष्यको १५ दशमलव ९३ प्रतिशत बराबर हो। सरकारले चालु आवका लागि रू १४ खर्ब ७२ अर्ब ४८ लाख ४७ हजार बराबर वार्षिक राजस्व उठाउने लक्ष्य राखेको छ।

पहिलो त्रैमासमा सङ्कलन भएको राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको १५ दशमलव २८ प्रतिशत अर्थात् रू एक खर्ब ९९ अर्ब ४६ करोड २१ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको १६ ददशमलव ७९ प्रतिशत अर्थात् रू १९ अर्ब ६५ करोड ३० लाख बराबर रहेको छ । चालु आवका लागि रू ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म वार्षिक लक्ष्यको शून्य दशमलव १२ प्रतिशत अर्थात् रू ६ करोड १८ लाख बराबर अनुदान लिएको छ। रासस

# एमसिसीअन्तर्गत बन्ने प्रसारण लाइनको पुनर्ठेक्का अन्योलमा

काठमाण्डु । मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) को अनुदान सहयोगमा बन्न लागेको चार सय केभी विद्युत् प्रसारणलाइनको ठेक्का प्रक्रिया रद्द भएसँगै अर्को ठेक्का प्रक्रिया कसरी र कहिलेसम्म अघि बढ्छ भन्नेमा अन्योल देखिएको छ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले गत असोज २६ गते एक सूचना जारी गर्दै विद्युत् प्रसारण लाइन निर्माणसँग सम्बन्धित सबै ठेक्का रद्द भएको जनाएको थियो। जसमा चरण (लट-१) को लप्सीफेदी-रातामाटे-न्यु हेटौंडा, दोस्रो चरण (लट-२) को रातामाटे-न्यु दमौली, र तेस्रो तरण (लट-३) को न्यु बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्मको प्रसारण लाइन निर्माणका लागि आह्वान गरिएको ठेक्का रद्द भएको छ।

सुरुआती लागत अनुमानभन्दा बढी रकमको ठेक्का प्रस्ताव भएपछि यो ठेक्का प्रक्रिया रद्द भएको एमसिए-नेपालको भनाइ छ। कुल तीन सय १५ किलोमिटरको चार सय केभी विद्युत् प्रसारण लाइनका लागि अब पुनर्ठेक्का (रि-टेन्टर) प्रक्रिया कसरी अगाडि बढ्छ भन्नेमा अन्योल देखिएको छ।

रद्द भएका ठेक्का सम्झौता अब कुन प्रक्रियाबाट तथा कानुनी आधारमा कहिलेसम्म अगाडि बढ्छन् ? भन्ने राससको प्रश्नमा एमसिए-नेपालले अब अर्को ठेक्का प्रक्रिया कसरी अगाडि बढाउने भन्नेबारे योजना तयार भइरहेको जवाफ दिएको छ । "बजारबाट प्रतिक्रिया प्राप्त गरिसकेपछि एमसिए-नेपालले यो खरिद कार्य सफलतापूर्वक सम्पन्न गर्न आगामी कदम निर्धारण गर्न एमसिएसँग सहकार्य गरेको थियो । एमसिए-नेपालले प्राविधिक विज्ञहरू, एमसिसी तथा नेपाल सरकारसँगको समन्वयमा भविष्यमा सफल खरिद कार्यलाई सहजतापूर्वक अगाडि बढाउनका लागि योजना तयार गर्दैछ", उसले जवाफमा भनेको छ, "निर्धारित बजेटबाटै समयमै एमसिए-नेपाल र एमसिसीको वातावरणीय तथा सामाजिक मापदण्डअनुसार प्रसारण लाइन निर्माण हुने सुनिश्चित गर्न एमसिए-नेपाल प्रतिबद्ध छ ।" तोकिएको समय र लागतभित्र आयोजनाको काम सक्ने एमसिए-नेपालको दाबी रहे पनि ठेक्का प्रक्रियामै थप उल्झन देखिएको छ । एमसिए-नेपालले अहिले रद्द गरेका ठेक्का गत वर्ष मङ्सिर दोस्रो साता (२०२२ नोभेम्बर २८) आह्वान गरेको थियो। यो ठेक्का आह्वान गरेदेखि मूल्याङ्कन र त्यसपछि रद्द हुँदासम्मको अवस्थासम्म पुग्दा करिब ११ महिना समय लागेको देखिन्छ। अर्को ठेक्का प्रक्रिया सक्न कति समय लाग्छ भन्नेमा एमसिए-नेपाल अझै स्पष्ट भइसकेको छैन। यद्यपि, तोकिएको पाँच वर्षभित्रमा आयोजनाका काम सकिसक्ने उसको दाबी छ।

अर्थ मन्त्रालय र एमसिसीबीच २०७४ भदौ २९ (२०१७ सेप्टेम्बर १४) मा भएको सम्झौता २०७८ फागुन १५ गतेको संसद् बैठकबाट अनुमोदन भएको थियो । छ वर्षअघि भएको मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) गत भदौ १३ गतेदेखि पूर्णरुपमा लागू हुने अवस्था (इन्ट्री इनटु फोर्स- इआइएफ)को चरणमा गइसकेको छ । अर्थात् गत भदौ १३ गतेदेखि एसिसीअन्तर्गतका परियोजना निर्माण सम्पन्न गरिसक्नुपर्ने पाँच वर्षको अवधि गणना सुरु भइरहेको छ। अमेरिकी अनुदानसम्बन्धी यो सम्झौतामा हस्ताक्षर भएदेखि लागू हुने अवस्थासम्म आइपुग्नै करिब छ वर्ष समय लागेको थियो। अहिले इआइएफ घोषणापछि ठेक्का प्रक्रिया लम्बाउँदा समयमै आयोजना सकिने र एमसिसी कम्याक्टको शर्तबमोजिम अमेरिकाले नेपाललाई उपलब्ध गराउनेमा शङ्का गर्ने ठाउँ देखिएको छ।

एमसिए-नेपालले एमसिसी कार्यक्रम खरिद मार्गनिर्देशिका (पिपीजी) अनुसार यो ठेक्का प्रक्रिया रद्द गरेको जनाएको छ। "विद्युत् प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रमा उल्लेख गरिएको लागत वर्तमान बजेटभन्दा निकै बढी भएको र बोलपत्र दातासँगको छलफलबाट पनि उक्त अन्तर सम्बोधन हुन नसकिने निष्कर्षमा प्राविधिक विज्ञ पुगेको तथा एमसिएसँगको परामर्शपछि एमसिए-नेपाल ठेक्का रद्दको निर्णयमा पुगेको हो", उसले भनेको छ, "एमसिए कार्यक्रम खरिद मार्गनिर्देशिकाको दफा पी १.ए.२.७५ र ७७ अनुसार ती बोलपत्र अस्वीकृत गरिएको छ।"रासस

# एसियन लाइफको प्रवेशसँगै यति एयरलाइन्समा सापकोटा भए सिइओ

**टुडे समाचारदाता**

काठमाण्डु । एसियन लाइफ इन्स्योरेन्स कम्पनीले यति एयरलाइन्समा ४९ प्रतिशत सेयर स्वामित्व लिएको छ। यति एयरलाइन्समा नयाँ साझेदार भित्रिएसँगै कम्पनीमा सोमबारबाट नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त भएका छन् । यति एयरलाइन्सको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा सुवास सापकोटा नियुक्त भएका छन् ।




सापकोटा यसअघि इ-सेवामा सिइओ थिए। यति एयसलाइन्सले एक वर्ष भित्रै आवश्यक प्रक्रिया पुऱ्याएर सर्वसाधारणलाई सेयर जारी गर्ने भएको छ । यति एयरलाइन्सले आइपिओमा जाने गरी नयाँ साझेदार भित्र्याएको हो। अब आवश्यक प्रक्रिया पूरा गरेर एक वर्षभित्रै यति एयरलाइन्सले सर्वसाधारणको लागि आइपिओ जारी गर्ने भएको छ। आन्तरिक वायुसेवा दिइरहेको कम्पनी २५ वर्षपछि पब्लिक कम्पनीमा रुपान्तरण भएको हो।

# एनएमबी बैंकले पायो दुई करोड अमेरिकी डलर ऋण

**टुडे समाचारदाता**

काठमाण्डु । एनएमबी बैंकले दुई करोड (२० मिलियन) अमेरिकी डलर ऋण प्राप्त गरेको छ। बैंकले हरित वित्त प्रवर्द्धन र साना तथा मझौला उद्यमलाई टेवा पुऱ्याउने उद्देश्यले अन्तर र्राष्ट्रिय साझेदार डच इन्टरप्रेन्युरल डेभलपमेन्ट बैंक (एफयमओ) बाट २० मिलियन अमेरिकी डलर बराबरको ऋण प्राप्त गरेको छ।

बैंक र एफयमओबीचको यस साझेदारीमा एफयमओबाट बैंकलाई १५ मिलियन अमेरिकी डलर ग्रीन इनिसिएटिभमा केन्द्रित रही वित्तीय कारोबार गर्नका लागि प्राप्त गरिएको र बाँकी रकम साना तथा मझौला उद्यम विकाश र प्रवर्द्धनको लागि प्राप्त भएको जनाइएको छ। बैंकले हाल २०१ शखाहरूमार्फत बैंकिङ सेवा प्रदान गदै आइरहेको छ।

# महालक्ष्मी विकास बैंकले नेपाल प्रहरीलाई गऱ्यो सहयोग



**टुडे समाचारदाता**

काठमाण्डु । महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रहरी वृत्त मालीगाँउलाई सामाजिक जनचेतनामूलक पुस्तिका र आवश्यक सम्पर्क नम्बर सहितको स्टिकर प्रदान गरेको छ।

बैंकको केन्द्रीय कार्यालय, दरबारमार्गले प्रहरी वृत्त मालीगाउँलाई चाडपर्वको समयमा हुनसक्ने आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न, सार्वजनिक सुरक्षा तथा अमनचयन कायम राख्न, सम्भावित अपराधको रोकथाम, तथा नियन्त्रण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले जनचेतनामूलक पुस्तिका र आवश्यक सम्पर्क नम्बर सहितको स्टिकर हस्तान्तरण गरेको हो।

यसबाट मालीगाउँ वडा क्षेत्र वरपरको सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

प्रहरी वृत्त मालीगाउँका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदी र सामुदायिक प्रहरी सेवाकेन्द्र, कालोपुलका वरिष्ठ प्रहरी नायब निरीक्षक बसन्त थापालाई बैंकका निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख बसन्त बक्सीले उक्त सामग्री हस्तान्तरण गरेका हुन् । आगामी दिनहरूमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने बैंकले जनाएको छ।

ग्राहकहरूको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिबद्ध रहिआएको यस बैंकले आम ग्राहकहरूको बैंकिङ आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै अझै थप गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

# इ-सेवाले सार्वजनिक गऱ्यो यामाहा मोटरसाइकल जित्न सकिने अफर

**टुडे समाचारदाता**

काठमाण्डु । इ-सेवाले दसैं-तिहार लगायतका चाडपर्वलाई लक्षित गरी 'इ-सेवा डिजिटल उत्सव-हर्ष अझै बढ्छ' अफर सार्वजनिक गरेको छ। यस अफसर अन्तर्गत ३७.९९ रूपैयाँ खेल खेल्दा ३ लाख ७९ हजार ९०० रुपैयाँ मूल्यको यामाहा न्यू एफजेड एफआई भर्सन ३.० स्ट्यान्डर्ड मोटरसाइकल जित्न सकिने कम्पनीले बताएको छ।

यसैगरी, इ-सेवा मार्फत ३७.९९ रूपैयाँको खेल बाहेक कुनै पनि दुई वटा भिन्न कारोबार गर्दा दुई जनाले यामाहा न्यू एफजेड एफआई भर्सन ३.० स्ट्यान्डर्ड मोटरसाइकल जित्न सक्नेछन् । इ-सेवा डिजिटल उत्सव अफर अन्तर्गत नै इ-सेवाबाट मोबाइल नम्बर प्रयोग गरी सिधै बैंक खातामा पैसा पठाउँदा १ भाग्यशाली जोडीले दुबई टुर प्याकेज पनि पाउनेछन्। साथमा कात्तिक १ गते इ-सेवा केअर किन्दा भाग्यशाली १ जनाले १०० गुणा क्यासब्याक पाउनेछन्। त्यसैगरी, इ-सेवाबाट जहाजको आन्तरिक उडानको टिकट काट्‌दा भाग्यशाली ५ जनाले जोडीको लागि होटेलको स्टेकेसन प्याकेज तथा १ जनाले रियल मि ११ एक्स ५जी पाउनेछन्।

साथै, इ-सेवाबाट इन्टरनेट तथा टिभीको बिल भुक्तानी गर्नेले ३०० रूपैयाँसम्मको क्यासब्याक र सिजी डिजिटलको टिभी समेत जित्न सक्नेछन् । बसको टिकट काट्‌ने वा होटेल बुक गर्ने प्रयोगकर्ताले चितवन तथा पोखरामा ३ दिन २ रातको स्टेकेसन पनि जित्न सक्नेछन् । इ-सेवामाआवद्धव्यवसायीहरूलेसेमत ग्राहकहरूमार्फत् क्यु-आर भुक्तानी लिँदा वासिङ मेसिन, एयर फ्रायर, स्याण्डविच मेकर लगायतको उपहार जित्न सक्नेछन्। त्यसैगरी, अनलाइन कारोबारका लागि इ-सेवाबाट भुक्तानी गर्नेले बिनब्याग समेत जित्न सक्नेछन् ।



## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### मोहीयानी हकदावी. बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही मरुवा हुसेनी साहले मोही लगत कटटा गरी पाउ भनि ज.ध. तर्फवाट निवेदन पर्न आएकोले यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने कारण भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्ा आउनुहोला वा रीतपुर्वकको वारेश कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम .भै जानेछ।

**तपसिल**

| ज.ध. | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| फुलकुमारी देवी | रौतहट | महम्दपुर | २क | १७० | ०-१५-१० | हुसेनी साह |

## मालपोत कार्यालय मौलापुर, रौतहटको

### ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स. पिपरिया वार्ड नं. ४ हाल बौधीमाई न.पा. वडा नं. ६ मा बस्ने रामदेव ठाकुर लोहारले निजकै नाम दर्ताको तपसिलका जग्गाहरुको श्रेस्ता च्यातिएकोले जग्गा धनी लालपुर्जा बमोजिम मोठ श्रेस्ता कायम गरी पाउँ भनि द.नं. ११०८ मिति २०८०/०५/०६ गतेको निवेदन पर्न आएको हुँदा तपसिलमा उल्लेखित जग्गाहरुमा अरु कसैको हकदावी छ या छैन? निजको नाममा श्रेस्ता कायम...भै गएमा कसैको हक जान्छ कि? सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफ्नो हकदावीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दावी बमोजिम श्रेस्ता कायम भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|
| पिपरिया (प) | २ | १४४१ | ०-१-२.५ | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | ४ | ४४८ | ०-१-१७ | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | ३ | ८६४ | ०-०-३ | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | ४ | ४८ | ०-२-४ | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | ४ | ३६३ | ०-१-५ | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | २ | १४४३ | ०-१-० | ज.ध.को श्रेस्ता फेला नपरेको |
| पिपरिया (प) | ४ | ३४९/६०३ | ०-०-१५ | ज.ध.को श्रेस्ता फेला नपरेको |

माग जग्गाहरुको मोठ भिडान हुँदा उक्त ज.ध.को मोठ श्रेस्ताहरु फेला नपरी रामदेव ठाकुरको नाममा रोक्का नरहेको व्यहोरा उल्लेखभई आएको देखिन्छ। बौधीमाई न.पा. वडा नं. ६ को च.नं. ३९८ मिति २०८०/०६/२५ गतेको पत्रबाट माथि उल्लेखित किताहरु जि.रौ. साविक गा.वि.स. पिपरिया (प) वडा न..४ हाल बौधीमाई न.पा. ६ मा बस्ने महावीर ठाकुरको नाती रितलाल ठाकुरको छोरा रामदेव ठाकुर लोहारको हक भोगमा रहेको व्यहोरा सिफारिस भई आएकोमा उक्त जग्गाहरु माग गर्नेको सो जग्गाहरुमा निजको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन? उक्त जग्गाहरु हाल कस कसको हकभोगमा रहेको छ ? सो जग्गाहरु कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? माग अनुसार श्रेस्ता कायम गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए या कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटो को म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा कानून बमोजिम भई जानेछ।

# दशैं बजारको योगदान महत्वपूर्णः मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले अर्थतन्त्रलाई चलायमान बनाउन बीरगञ्ज महानगरपालिकाले आयोजना गरेको रात्रि बजार अन्तर्गतको दशैं बजारले महत्वपूर्ण योगदान पुर्‍याएको बताएका छन् ।

वीरगञ्ज महानगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, युवा उद्यमी मञ्च, ग्रिनसिटी सामुदायिक केन्द्र, हुमेन क्रिएशनलगायतका एक दर्जन संघ संस्थाहरूको आयोजनामा वीरगञ्जमा जारी रात्रि मेलाको अवलोकन गर्दै मुख्यमन्त्री यादवले घरेलु उत्पादन, नेपाली हस्तकला, तराई मधेशका लोकप्रिय खानालगायत दैनिक उपभोग्य वस्तु एकै ठाउँमा सस्तो मूल्यमा उपलब्ध गराउन महानगरपालिकाले आयोजना गरेको रात्रिकालीन दशैं मेला सम्भवतः मुलुकमै पहिलो पटक आयोजना भएको धारणा राखे ।

उनले रात्रिकालीन दशैं मेलामा उपभोक्तासँगै साना व्यवसायीहरू बढी लाभान्वित भएको दाबी गर्दै वीरगञ्ज महानगरपालिकाले आयोजना गर्दै आएको रात्रिकालीन बजारले दिनमा व्यस्त उपभोक्ताहरूलाई रातको समयमा शान्तिपूर्ण तरिकाले उपभोग्य सामानको खरिद गर्ने अवसर जुटाएको बताए ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले रात्रिकालीन मेलालाई महानगरले यस पटक रात्रिकालीन दशैं बजारको रुपमा रूपान्तरण गरेको बताउँदै आगामी दिनमासमेत रात्रिकालीन मेलालाई निरन्तरता दिइने बताए ।

रात्रिकालीन मेलाले साना व्यवसायीहरू बढी लाभान्वित भएको बताउँदै उनले ठूला व्यवसायीले समेत मेलामा आफ्नो उत्पादनको बजारीकरण गर्न महत्वपूर्ण अवसर जुटेको समेत उल्लेख गरे ।

रात्रिकालीन बजार तथा दशैं मेलामा वीरगञ्जका साथै बारा, पर्सा र छिमेकी मुलुक भारतका उपभोक्ताहरूको सहभागिता रहेको छ ।

# जनताको पक्षमा काम गर्न अझै सुधारको आवश्यकता : पूर्वराष्ट्रपति यादव

**टुडे समाचारदाता**

राजविराज । पूर्वराष्ट्रपति डा. रामवरण यादवले मुलुकमा परिवर्तन आए पनि जनताको पक्षमा काम गर्नका लागि केही सुधारको अझै आवश्यकता रहेको बताएका छन् ।

बुधबार राजविराजमा आयोजित वरिष्ठ राजनीतिज्ञ एवं गणतान्त्रिक आन्दोलनका अग्रणी नेता खुशीलाल मण्डलको नागरिक अभिनन्दन समारोह कार्यक्रममा उनले यस्तो बताएका छन् ।

तराई मधेशमा अहिले पनि दाइजो प्रथा कायमै रहेको, गर्नुपर्ने काममा खर्च नगर्ने तर, नगर्नुपर्ने काममा खर्च गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै उनले यस्ता कुराहरुमाथि पनि सुधारको आवश्यकता रहेको औंल्याए ।

उनले कुनै पनि राजनीतिक दल चुरे जोगाउन र पानीको स्रोत संरक्षण गर्नेतर्फ गम्भीर नभएको समेत बताए । उनले काँग्रेस, एमाले, माओवादी तथा मधेशवादी सबै दलहरु चुरे जोगाउन उदासीन रहेको बताउँदै अब पनि चुरेको संरक्षण नगरिए पानी बिना



माछा झै अवस्थामा पुग्ने जनाए ।

मधेश सुनको भूमि भएको बताउँदै उनले पटक पटक आफूले चुरे भावर र जंगल क्षेत्र जोगाउन आग्रह गरिरहँदा पनि सरकार र दलहरु गम्भीर हुन नसकेकोमा खिन्नता प्रकट गरे ।

२००७ सालदेखि ६२ को जनआन्दोलसम्मको सम्पूर्ण क्रान्तिमा वरिष्ठ राजनीतिकर्मी खुशीलाल मण्डलको सक्रिय योगदान रहेकोमा उनलाई आफूले नागरिक अभिनन्दन गर्न पाएकोमा खुशी व्यक्त गरे । आम नेपालीमा सकारात्मक सोच आवश्यक भएको बताउँदै नेपाली राजनीतिको जिउँदो इतिहास मण्डल भएको चर्चा समेत गरे ।

पूर्वसभामुख दमननाथ ढुंगानाले खुशीलाल मण्डल लोकतन्त्रको पक्षमा अटल योद्धाको रुपमा रहेको भन्दै प्रजातन्त्र प्राप्तिको आन्दोलन र उनको निष्ठा अनुकरणीय रहेको बताए ।

पूर्वप्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तरीका सांसद डा. सीके राउत, दिनेशकुमार यादव, नवलकिशोर साह, शेखरकुमार सिंह, मधेश प्रदेश सांसदहरु जितेन्द्र सोनल, ललिता विद्रोही तत्मा, जिल्ला विकास समितिका पूर्वसभापति बीरबल बिराजीलगायतले पनि मण्डलको योगदान बारे प्रकाश पारेका थिए ।

सप्तरी-सिरहा नागरिक समाजद्वारा आयोजित कार्यक्रममा समाजका अध्यक्ष रामरिझन यादवले मण्डलको व्यक्तित्व बारे लेखिएको "कर्मवीर योद्धा खुशीलाल मण्डल अभिनन्दन ग्रन्थ" पुस्तककोसमेत विमोचन गरिएको थियो ।

# गौर प्रादेशिक अस्पतालको प्रमुखमा डा.साह

**टुडे समाचारदाता**

रौतहट । गौर प्रादेशिक अस्पतालको प्रमुखको जिम्मेवारी डा. कृष्ण साहले पाएका छन् ।

यस अघिका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सन्दीप सिंहको अन्यत्र सरुवा भएपछि गौर प्रादेशिक अस्पतालको मेडिकल सुपरिटेन्डेन्टमा डाक्टर कृष्ण साह नियुक्त भएका छन् ।

डाक्टर साहले दोश्रो पटक गौर प्रादेशिक अस्पतालको प्रमुखको जिम्मेवारी पाएका छन् ।

यस अघि आर्थिक कारोवार सञ्चालन, उपकरण खरिद लगायत विभिन्न विषयमा कुरा नमिल्दा अस्पतालमा एउटा पक्ष डाक्टर साहसंग रुष्ट थियो जसका कारण



गौर अस्पतालको प्रमुखको लामो समयसम्म जिम्मेवारीमा रहेका डाक्टर साहको केही महिना पहिले सरुवा भएको थियो ।

कार्यालयमा हाजिर भएका डाक्टर साहलाई अस्पतालका चिकित्सक सहित गौर प्रादेशिक अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुले टिका माला लगाई दोसल्ला ओढाएर स्वागत गरेका थिए ।

# चक्काजामले बिरामीको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । बिरामी लिन हिडेको एम्बुलेन्सलाईसमेत बीच बाटोबाटै फर्किन बाध्य बनाएपछि समयमै उपचार नपाएर बुधबार उक्त बिरामीको ज्यान गएको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ औरहीका १४ वर्षीय गौतमकुमार साहको ज्यान गएको छ । बुबा रामकृष्णका अनुसार बुधबार बिहान ११ बजेतिर गौतम बिरामी परेका थिए । अवस्था गम्भीर देखिएपछि उपचारका लागि बाहिर लैजान उनले डाक्नेश्वरी नगरपालिकामा रहेको एम्बुलेन्स बोलाएका थिए ।

चालक रामजतन मुखियाँ तत्कालै बिरामीलाई लिन एम्बुलेन्स लिएर त्यसतर्फ हिँडे । तर, नगरपालिका कार्यालयबाट २ सय मिटर दूरीमा मात्र पुग्दा गाउँकै पोखरीको ठेक्का विवादलाई लिएर प्रदर्शनमा उत्रेका प्रदर्शनकारीहरुले एम्बुलेन्सलाई रोके । आफू बिरामी लिनहिँडेकोजतिसम्झाउँदाबुझाउँदा पनि प्रदर्शनकारीले मानेनन्, चालक मुखियाले भने उल्टै म माथि हातपात गर्दै एम्बुलेन्स नै तोडफोड गर्न थालेपछि बीच बाटो बाटै फर्किन बाध्य भए । उनले सय डेढसयको संख्यामा रहेका प्रदर्शनकारीले बाटो नै जाम गरिदिएको र कुनै पनि हालतमा जान नदिने अडान राख्दै आक्रमणमा उत्रेपछि आफू फर्किन बाध्य भएको सुनाए ।

डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख रामलखन मुखियाले प्रदर्शनकारीहरु अराजक तथा अमानवीय शैलीमा प्रस्तुत हुँदा समयमै उपचार नपाइ बिरामीको ज्यान गएको बताए । उनले नगरकै एक पोखरी ठेक्का सम्बन्धी विवादमा एक पक्षले अराजकता मच्याउँदै नगरपालिकाको कार्यालय भवनमा समेत ढुंगामुढा गरेको बताए ।

समयमै उपचार नपाई मृत्यु भएका बिरामीको शव स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुर्‍याइ घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यता प्रदर्शनकारीले एम्बुलेन्सलाईसमेत रोकेर गम्भीर अपराध गरेको भन्दै स्थानीयले प्रदर्शनकारीको पहिचान गरी कडा कारबाहीको माग गरेका छन् ।

# राजविराज नगरपालिकाको नीति तथा कार्यक्रम सर्वाजनिक

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिकाको सातौं नगरपरिषदले पारितगरेकोआर्थिकवर्ष२०८०/०८१ को नीति तथा कार्यक्रम बारे जानकारी गराइएको छ ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा सातौं नगरपरिषदबाट १ अर्ब ११ करोड ४० लाख ७८ हजारको बजेट सर्वाजनिक भएको नगरपालिकाका प्रवक्ता जयनारायण मण्डलले जानकारी दिए । संघिय सरकार, प्रदेश सरकार, आन्तरिक आम्दानी तथा विभिन्न दातृ निकाय र संघ संस्थाबाट उपलब्ध हुने आम्दानीका आधारमा बजेट तथा नीति र कार्यक्रम तय गरीएको प्रवक्ता मण्डलले बताए ।




> प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ्गले आर्थिक वर्ष २०८०/०८१ का लागि तय गरिएको नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि तथा सडकका लागि पर्याप्त बजेट विनियोजन गरिएको बताए । यस्तै हरेक चुनावका बेला चुनावी मुद्दा बन्ने गरेको नगरक्षेत्रका बिटौरी जग्गा समस्याको समाधान गरिने जानकारी दिए ।

प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ्गले आर्थिक वर्ष २०८०/०८१ का लागि तय गरिएको नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि तथा सडकका लागि पर्याप्त बजेट विनियोजन गरिएको बताए । यस्तै हरेक चुनावका बेला चुनावी मुद्दा बन्ने गरेको नगरक्षेत्रका बिटौरी जग्गा समस्याको समाधान गरिने जानकारी दिए ।

विगत ७ वर्ष देखि ठूलै समस्याका रुपमा देखा परेको मुख्य बजार, मेनरोड र आसपासका ६८ विघा जग्गाको जग्गाधनीलाई यसै आर्थिक वर्षबाट जग्गाधनी पुर्जा प्रदान गर्ने कार्य सुरु गर्ने नगरसभाले निर्णय गरेको जनाइएको छ ।

यस्तै भगवती मन्दिर र नगरभित्र रहेका विभिन्न पोखरीहरुको सौन्दर्यकरण, राजरंगशालाको स्तरोन्नति, बसपार्कको यथाशीघ्र सञ्चालन, नगर क्षेत्रका सम्पूर्ण अतिक्रमित जग्गा खाली गराउने, कृषि विश्वविद्यालय भवन निर्माण, फोहर व्यवस्थापन गर्न प्रशोधन केन्द्रको निर्माण, नगर क्षेत्रको १६ वटै वडामा खेती योग्य जग्गाका लागि पकेट क्षेत्रको निर्माण, सीसीटिभी र निःशुल्क वाईफाई जोनका लागि आवश्यक उपकरण जडान लगायतका कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएको छ ।

यसैगरि नगरमा घुम्ती शौचालय सेवा सञ्चालन, वातावरण मैत्री बनाउन सडकको दायाँ बायाँ वृक्षरोपण, शीत भण्डारण सञ्चालन, फोहरमैला व्यवस्थापनका लागि सरसफाई मेशिन खरिद, मेडिकल र इन्जीनियरीङ्ग अध्यनका लागि गरिब तथा जेहेन्दार २ जना विद्यार्थीलाई प्रत्येक वर्ष छात्रवृत्ति, सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क सेनेटरी प्याड तथा बालविवाह र दाईजो प्रथा मुक्त घोषणा हुने वडाहरुलाई क्रमिक रुपमा उच्च सम्मान र पुरस्कृत गर्ने लगायतका योजना पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

# मेची महाकाली उद्धार यात्री आज जनकपुरधाम आइपुग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । "यस वर्षको चाडपर्वमा कोही नरहुन सडकपेटीमा" भन्ने नारासहित मानवसेवा आश्रमले आनी छोइङ डोल्मा फाउण्डेसनसँगको सहकार्यमा शुभारम्भ गरेको मेची महाकाली उद्धार यात्राको यात्रीहरु बिहीबार जनकपुरधाम आइपुग्ने भएका छन् ।

असोज २६ गते प्रधानमन्त्री निवास बालुवाटरबाट प्रधानमन्त्रीले यात्रीहरुलाई विदाइ गरे पश्चात पूर्वयोजना अनुसार नै यात्रीहरुले २८ गते साँझ मेचीपुलमा दीप प्रज्ज्वलन गरी उद्धार शुभारम्भ गरेका थिए ।

२७ गते मेचीपुलबाट उद्धार सुरु गरेको यात्रीहरुले ५ दिनमा कोशी प्रदेशको विभिन्न जिल्लाहरुबाट ४५ जनाको उद्धार गरेका छन् । उद्धार गरिएका सहयोगापेक्षीहरुलाई मानवसेवा आश्रम विराटनगरमा राखिएको छ ।

कोशी प्रदेशको उद्धार कार्य सम्पन्न गरेर यात्री बुधबार लहान आईपुगेका छन् । बिहीबार लाहान, धनगढीमाई, गोलबजार, मिर्चैया हुँदै साझ जनकपुरधाम आइपुग्ने मानवसेवा आश्रमका केन्द्रीय सचिव एवं मधेश प्रदेश प्रमुख




सुमन बर्तौलाले बताए । बिहीबार साँझ गंगा आरतीमा यात्रीहरुलाई स्वागत गर्ने कार्यक्रम रहेको छ भने शुक्रबार उद्योग बाणिज्य संघले आफ्नो कार्यालयमा नै यात्रीहरुलाई स्वागत गर्ने कार्यक्रम निर्धारण गरेको छ । शुक्रबार नै बिहान ८ बजे जानकी मन्दिर परिसरमा जम्मा भइ मानवताका लागि सद्संकल्प गरेर जनकपुरधामको सडकपेटी र सार्वजनिक स्थलमा रहेका सहयोगापेक्षीहरुको बृहत उद्धार गरिने छ ।

उद्धार गरिएकाहरुलाई जनकपुरधामउपमहानगरपालिकामा लगि नुवाइधुवाइ, सरसफाई र भोजन गराइ मानवसेवा आश्रममा गृहप्रवेश गराउने कार्यक्रम रहेको छ । यात्रीहरुले उद्धार गरिएका सहयोगापेक्षीहरुसँगै नगरपालिका परिसरमै भोजन गर्नेछन् ।

शुक्रबार उद्धार भएका सहयोगापेक्षीहरुलाई मानवसेवा आश्रममा गृहप्रवेश गराइ यात्रीहरु जलेश्वर हुँदै बर्दिबास पुगेर आराम गर्नेछन् ।

# सडक बत्तीको भुक्तानी अझै बाँकी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको बहुदरमाई नगरपालिकाको मुख्य सडकमा लगाइएको सोलार बत्ती लगायतका सामग्रीको भुक्तानी नपाएपछि ठेकेदारले सोलार प्यानलसहितको सडक बत्ती खोलेर लगेका छन् ।

ठेकेदारले नगरपालिकाबाट भुक्तानी नपाएको भन्दै बुधबार बहुदरमाई नगरपालिका वडा नम्बर ४ स्थित मुख्य सडकमा जडान गरिएको सोलर बत्ती, ब्याट्री, प्यानल लगायतका सामग्री खोलेर लगेका छन् । नगरपालिकाको सडकमा पहिल्यैदेखि जडान गरिएको सोलर बत्तीहरूको काठमाण्डुस्थित एडभान्स सिनार्जी सोलुसन एन्ड ट्रेडिङ्ग प्रालिका सञ्चालक सुशील अधिकारीले मर्मत गरेका थिए ।

यद्यपि खर्च नपाएको भन्दै उनले बत्तीहरू खोलेका छन् । झन्डै ६ महिना अगाडि बहुदरमाईका मेयर सिंहासन साह तेलीको मौखिक आदेशमा आफूले सडक बत्तीहरूको मर्मत गरेको र त्यस बापत साढे १३ लाख रुपैयाँ खर्च भएको अवस्थामा भुक्तानी नपाएपछि पटकपटक नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफालाई जानकारी गराउँदा कुनै सुनुवाई नभएपछि आफू बत्ती फुकाल्न बाध्य भएको ठेकेदार अधिकारीले बताए ।

बहुदरमाई नगरपालिकाको विभिन्न स्थानमा ६८ वटा सोलर बत्तीको कन्ट्रोलर परिवर्तन, ४८ वटाको ब्याट्री परिवर्तन र २५ वटामा नयाँ बत्ती जडान तथा ६ वटाको प्यानल परिवर्तन आफूले गरेको बताउँदै त्यसका लागि साढे १३ लाख रुपैयाँ खर्च लागेको अधिकारीले बताए ।

यता, बहुदरमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफाले कार्यादेश बिना नै काम गरेको कारण भुक्तानी दिन नमिलेको बताए ।

**सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं ।**

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं,
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## धितो घडेरी (जग्गा) लिलाम सम्बन्धी सूचना

यस जानकी ग्लोवल वचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम-२ बाट जि.ध. गा.वि.स. विन्धी-६ हाल ज.उ.म.न.पा.-२३ बस्ने मोति महराको नाती दुखी महराको छोरा श्री नन्द किशोर महराले महराले ज.उ.म.न.पा. वडा नं. १३ को सिट नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ को घडेरी जग्गा यस संस्थाको नाउँमा दृष्टीकवन्धक गरी मिति २०६९/०७/०३ मा व्यवसाय संचालनको लागि रु. ६००,०००।- अक्षरेपी रु. छ लाख ऋण लिएकोमा सो ऋणको सावा र व्याज हर्जाना बुझाउनको लागि विभिन्न मितिमा लिखित मौखिक तथा दैनिक पत्रिकामा सूचना प्रकाशन गरी ताकेता गर्दा पनि हाल सम्म सावा र व्याज नबुझाएको साथै यस सम्बन्धमा निजलाई पटक-पटक संस्थामा बुलाई समेत तोकता गरेकोमा पनि निजले आल-टाल गरी ऋणको सावा, व्याज र हर्जाना आदि नबुझाएकोले यो धितो जग्गा लिलाम गरी निजमाथि बाँकी सावा रु. ६,००,०००।- र २०८० असोज मसान्त सम्मको व्याज हर्जाना रु. १३,३७,२७५।- गरी रु. १९,३७,२७५।- अक्षरेपी (रु. उन्नाईस लाख सैतिस हजार दुई सय पचहत्तर) मात्र असुल गर्न यो लिलाम डाँक सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रथम पटक प्रकाशित मिति २०८०/०७/०१ को ३५ दिन पछि अर्थात २०८० मंसिर ६ गते बुधबार जनकपुरधाम-२ कदम चौक देखि उत्तर संस्थाको कार्यालयमा विभिन्न कार्यालयको प्रतिनिधिको रोहवरमा दिनको १२ बजे देखि ४ बजे सम्म लिलाम डाँक गरिनेछ । धितो घडेरी जग्गाको न्यूनतम व्यवसायिक मूल्याङ्कन सम्बन्धीत प्राविधिकको मूल्याङ्कन तथा संचालन समितिको अनुमोदन अनुसार रु. ४५,००,०००।- (रु. पैतालिस लाख) कायम गरिएको छ । लिलाम डाँक बढाबढ शुरु हुँदा न्यूनतम मूल्य रु. ४५,००,०००।- भन्दा माथि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिले डाँक सकारेको रकमको १०% सोही दिन धरौटी वापत संस्थामा जम्मा गर्नु पर्ने छ । बाँकी ९०% रकम सात दिन भित्र संस्थामा जम्मा गरेमा निजको नाउँमा लिलाम स्वीकृत गरिनेछ । सो नगरेमा दोस्रो बढी अंक बोल्ने व्यक्तिले सोही सर्त्त बमोजिम रकम दाखिला गरेमा निजको नाउँमा लिलाम बिक्री स्वीकृत गरिनेछ । लिलाम डाँक हुने दिन अर्थात २०८० मंसिर ६ गते बुधबार कुनै कारणबस विदा पर्न गएमा सोको भोलि पल्ट सोही समयमा लिलाम बढाबढ गरिनेछ । लिलाम डाँक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थाको संचालकमा निहित हुनेछ ।

तर सूचना प्रकाशित मितिले ३५ दिन अर्थात २०८० मंसिर ५ गते भित्र निज ऋणिले संस्थामा उपस्थित भई ऋणको साँवा र व्याज बुझाएमा लिलाम डाँक स्थगित गर्न सकिन्छ ।

अन्तमा यस लिलाम डाँक सम्बन्धि अरु बढी आनकारी बुझ्नु परेमा सम्बन्धीत व्यक्तिहरुले कार्यालयमा आई बुझ्न वा जानकारी लिन सकिन्छ ।

अध्यक्ष

**जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.**
जनकपुरधाम-२, कदम चौक

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८